म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक ९२ बुधबार, २४ कात्तिक २०७८ षष्ठी ने. सं. ११४२ कछलाथ्व 10 November, 2021 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

चाडपर्व हाम्रा साँस्कृतिक पहिचान,
मद्यपान र जुवातास विकृतिका मुहान ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# भैंसे–भीमफेदी सडक अझै अलपत्र

## दैनिक सयौं यात्रु सास्ती खेप्न बाध्य

साझाकुरा संवाददाता

हेटौंडा/हेटौंडा-काठमाडौं जाड्ने छोटो मार्गअन्तर्गत भैंसे-भीमफेदी सडक खण्ड स्तरोन्नतीको कार्य अलपत्र हुँदा यात्रुले सास्ती भोग्नु परेको छ ।



वर्षाको बहानामा निर्माण कार्य रोकिएपनि ठेकेदार कम्पनीले हालसम्म काम सुरु गरेको छैन् । भीमफेदी गाउँपालिका वडा नम्बर ४ मा स्थानीयले मुआब्जाको विषय उठाएपछि सडक निर्माण कार्य रोकिन पुगेको थियो । बागमती प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयले भीमफेदी गाउँपालिकाको भैंसेदेखि भीमफेदीसम्मको ११ किलोमिटर सडक स्तरोन्नती गर्ने काम भइरहेको थियो ।

मन्त्रालयले करिब ६५ करोड लागत अनुमान गरेर टेण्डर खुलाउँदा आशिष डीएस जेभीले ३८ करोड रुपैयाँमा निर्माण गर्ने गरी ठेक्का पाएको थियो । ठेकेदार कम्पनीले असार २०७९ सम्म सडक निर्माण कार्य सक्काउनु पर्ने सम्झौता छ । भीमफेदी-४ का स्थानीयले सडक स्तरोन्नती गर्न जग्गाको मुआब्जा मागेपछि काम रोकिएको प्रदेश यातायात पूर्वाधार निर्देशनालयका निमित्त निर्देशक डा. सहदेव भण्डारीले जानकारी दिएका छन् ।

मुआब्जा विवादले सडक स्तरोन्नती कार्य रोकिएपछि मकवानपुरका प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डेले स्थानीय जनप्रतिनिधसँग समस्या समाधानका निम्ति पहल गरेका थिए । प्रजिअ पाण्डेले मुआब्जाको विषय टुंग्याउन २५ भदौसम्मको समय सीमा स्थानीयलाई दिएको निमित्त निर्देशक भण्डारीले बताए । 'मुआब्जा विवादले सडक रोकिएको हो । अब सिडिओ साहेबले पहल गरिरहनु भएको छ । २५ गतेसम्मको समय दिएकोले मुआब्जा समस्या समाधान हुन्छ होला, त्यसपछि काम सुरु हुन्छ ।,' भण्डारीले भने ।

उनका अनुसार भीमफेदीको ४ नम्बर वडामा ५-६ किलोमिटर सडक खण्डको निर्माण हुन नसकेको हो । उक्त क्षेत्रमा पर्ने घर, जग्गा हटाउन प्रदेश सरकारलाई हम्मे परेको हो । स्थानीयले मुआब्जा नदिएसम्म काम अघि बढ्न नदिएपछि प्रदेश सरकारले स्थानीयसँग छलफल अगाडि बढाएपनि हालसम्म त्यसले सार्थकता पाउन सकेको छैन् । भण्डारीका अनुसार ४ नम्बर वडामा पर्ने एकसय जनाको घर, सय जनाकै हाराहारीमा जग्गा परेको छ । त्यस्तै करिब ४० वटा ऐलानी जग्गामा बनेको घर पन्छाएर सडक विस्तार गर्नुपर्ने देखिन्छ ।

स्थानीय जनप्रतिनिधिहरुले जनतासँगको छलफलपछि सहमती खोजेर मात्रै सडक विस्तार गर्नुपर्नेमा जोड दिएका छन् । भीमफेदी गाउँपालिका अध्यक्ष हिदम लामाले स्थानीयसँग छलफल भइरहेकोले छिट्टै निकास निस्कने बताए । सडक स्तरोन्नतीमा अवरोध आउना साथ काम सहजसँग अगाडि बढ्न नसकेको हो । यातायात पूर्वाधार निर्देशनालयका निमित्त निर्देशक डा. भण्डारीले सार्वजनिक जग्गामा पनि मुआब्जा माग गरिरहेकोले समस्या बढाएको बताए ।

भैंसे-भीमफेदी सडक खण्डअन्तर्गत भीमफेदीको ६ र २ नम्बर वडामा ५ किलोमिटर सडक फराकिलो पार्ने काम भइसकेको भण्डारीले बताए । उनका अनुसार कटिङ र वाल उठाउने काम भएको छ । एक लेनको भैंसे-भीमफेदी सडकलाई दुईलेनको बनाउन लागिएको हो । नालासहित १० मिटर चौडाईको सडक निर्माण हुने निर्देशनालयले जनाएको छ ।

निर्माण कम्पनीले भैंसेदेखि भीमफेदीसम्मै सडक भत्काएर छोड्दा यात्रुले भने सास्ती भोग्दै आएका छन् । भैंसे-भीमफेदी सडक खण्डको ११ किलोमिटरमध्ये अधिकांश स्थानमा कटिङ गरेर त्यसै छोडिएको, कतिपय स्थानमा तत्कालीन अवस्थाको कालोपत्रे उप्काएर अलपत्र पारिएको छ । निर्माण कार्य अघि नबढ्दा सवारी दुर्घटनाको जोखिम पनि बढेको चालकहरु बताउँछन् । स्थानीयहरुले धुवाधुलो र हिलाम्मे सडकका कारण यात्रा गर्न कठिनाई भएको बताए ।

स्थानीय बद्री तामाङले भिमफेदीदेखि भैंसेसम्मको बाटो हिलाम्मे र धुलाम्मे यात्रा अत्यन्तै कष्टकर बनेको गुनासो गरे । उनले यसको जिम्मेवारी ठेकेदार कम्पनीले लिने की सरकारी निकायले हो ? भन्दै प्रश्न गरेका छन् । 'भृकुटी र एलिजावेदको सवारी भएको बाटोमा हिलो र धुलोले स्वागत गर्दा कुरुप हुँदो रहेछ ।,' तामाङले भने । उक्त सडक राणाकालदेखि नै भारत र काठमाडौं उपत्यका आवतजावत गर्ने छोटो मुख्य मार्ग हो ।

स्थानीय रेशम लामाले कटिङ र वाल उठाउने कार्य सकिएपछि सडक सरसफाई र ग्रेडिङ गरे जनताले कष्टकर यात्रा गर्नु नपर्ने बताउँछन् । स्थानीय आशिष अस्लामी मगरले भैंसे-भीमफेदी सडक खण्ड स्तरोन्नतीको जिम्मेवारी पाएको ठेकेदार कम्पनी र सरकारी निकाय कता छन् भन्दै प्रश्न गरे । भैंसे-भीमफेदीको सडक हुँदै दैनिक साना सवारी हेटौंडा र काठमाडौं आवतजावत गर्छन् ।

# दुर्घटनामा एकको मृत्यु, दुई घाइते



ट्याक्सी चालक सुरेन्द्र महतो प्रहरी नियन्त्रणमा छन् ।

साझाकुरा संवाददाता

हेटौंडा/हेटौंडा-काठमाडौं छोटो मार्गअन्तर्गत भीमफेदी गाउँपालिका-६ जुरिखेतमा ट्याक्सी दुर्घटना हुँदा एकको मृत्यु भएको छ भने, दुई जना जना घाइते भएका छन् ।

मंगलबार बिहान काठमाडौंबाट हेटौंडातर्फ आउँदै गरेको बा २ ज २९६८ नम्बरको ट्याक्सी जुरिखेतमा दुर्घटना भएको हो ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक जयश्वर रिमालका मृत्यु हुनेमा पर्सा सुकुवा गाउँपालिका बस्ने ३५ बर्षिया शिवजानकी थारु चौधरी रहेकी छन् । उनको भीमफेदी प्राथमिक स्वास्थ्य केन्द्रमा उपचारको क्रममा मृत्यु भएको हो ।

दुर्घटनामा परी मकवानपुरको इन्द्रसरोवर गाउँपालिकास्थित खानीखेत प्रहरी चौकीमा कार्यरत ४१ बर्षिय प्रहरी सहायक निरीक्षक रामचन्द्र साह गम्भीर घाइते भएका छन् । उनको नेपाल प्रहरी अस्पताल काठमाडौंमा उपचार भइरहेको डिएसपी रिमालले बताए ।

यसैगरी सामान्य घाइते भएका ट्याक्सी चालक पर्सा सुकुवा गाउँपालिका बस्ने ४० बर्षिय सुरेन्द्र महतोको उपचारपछि थुनामा राखिएको प्रहरी जनाएको छ ।

# आज छठको मुख्य दिन, अस्ताउँदो सूर्यलाई पूजा आरधना

साझाकुरा संवाददाता

हेटौंडा/कार्तिक शुक्ल षष्ठीका दिन मनाइने छठ पर्वको मुख्य दिन आज बुधबार साँझ अस्ताउँदो सूर्यलाई पूजा आराधना गरी अर्घ दिइँदैछ ।



कार्तिक शुक्ल चतुर्थीदेखि सप्तमीसम्म मनाइने सूर्यदेवको आराधना, उपासना र पूजाको यो पर्व यसवर्ष आइतबार देखि सुरु भएको थियो । आज बुधबार अस्ताउँदो सूर्यलाई र भोलि उदाउँदो सूर्यलाई अर्घ दिएपछि छठ पर्व सम्पन्न हुन्छ ।

सूर्य पुराणअनुसार सर्वप्रथम अत्रिमुनिकी पत्नी अनुसूयाले छठ व्रत गरेकी थिइन् । फलस्वरूप उनले अटल सौभाग्य र पतिप्रेम प्राप्त गरिन् । त्यही बेलादेखि 'छठ पर्व' मनाउने परम्पराको शुरुआत भएको तथ्य सूर्य पुराणमा उल्लेख छ । छठ पर्वमा व्रत गरे दु:ख र दरिद्रताबाट मुक्ति पाइन्छ भन्ने जनविश्वास छ ।

यसमा झुप्पा-झुप्पा फलहरू चढाउँदा सूर्य देवता प्रसन्न भई व्रतालुका कुटुम्बसहित सबै सन्तानको भलो हुन्छ भन्ने मान्यता पाइन्छ । यस पर्वमा जो व्रत बस्न सक्दैन उसले अर्को व्रत गर्नेबाट व्रत गराउने गर्छन् । आर्थिक अभाव भएका मानिसहरु भिक्षा मागेरै भए पनि यो पर्व मनाउने गर्छन् ।

कार्तिक शुक्ल चतुर्थीका दिन स्नान गरी एक छाक खाएर बस्ने गरिन्छ । दोस्रो दिन कार्तिक शुक्ल पञ्चमीमा सखर हालेर बनाइएको खीर (खरना) षष्ठी मातालाई चढाई अलिकति व्रतालुले प्रसादस्वरुप खाने र नुन नखाई एक छाक फलाहार गरिन्छ । यो पर्वको मुख्य दिन कार्तिक शुक्ल षष्ठीका दिन कठोर निराहार व्रत बसी बेलुकी अस्ताउँदो सूर्यलाई पूजा आराधना गरी अर्घ दिने विधिविधान छ । षष्ठीका दिन रातभर जागा बसी कात्तिक शुक्ल सप्तमीका दिन बिहान उदाउँदो सूर्यलाई पूजा आराधना गरी विधिपूर्वक अर्घ दिएपछि यो पर्व समापन हुन्छ ।

कात्तिक शुक्ल पक्षमा विधिपूर्वक सूर्यको पूजा आरधना गरी अर्घ दिएमा चर्म रोग लाग्दैन भन्ने धार्मिक विश्वास छ । विसं २०४६ अघि तराईको सीमित क्षेत्रमा मनाइने छठले अहिले राष्ट्रिय स्वरुप ग्रहण गरेको छ । तर यस वर्ष कोरोना संक्रमणको जोखिमका कारण अघिल्ला वर्षहरुमा जस्तो उल्लास छैन । छठ पर्वका लागि विशेषगरी हेटौंडाको कर्रा, राप्ती, मनहरी, लोथर, खोलालगायत नदी क्षेत्रमा पाण्डाल बनाएर मनाइने गरिन्छ । यस वर्ष कोरोना महामारीबाट बच्न स्थानीय प्रशासनले भीडभाड नगरी सकेसम्म घरमै बसेर छठ पर्व मनाउन आह्वान गरेको छ ।

### हेटौंडामा तयारी पूरा

हेटौंडामा छठ पर्वको तयारी पूरा भएको छ । हेटौंडाको राप्ती खोला तथा कर्रा खोलालगायत अन्य खोला नदी र पोखरी लगायतको जलाशयमा छठ पर्वको तयारी पूरा भएको हेटौंडा छठ पूजा समारोह समितिका संयोजक कृष्ण कंशकारले जानकारी दिए ।

नेपालको मिथिलाञ्चल क्षेत्रमा विशेष रुपमा मनाईंदै आएको छठ पर्व पछिल्लो केही वर्षदेखि पहाडी क्षेत्रमा पनि मनाउन थालिएको छ । जसअन्तर्गत मकवानपुरको हेटौंडा लगायत आसपासका सहर र ग्रामीण क्षेत्रमा छठ पर्व मनाउन थालिएको बताइएको छ ।

संयोजक कंशकारले विगत तीन दिनदेखि छठ घाटको निमार्णलाई तीव्रता दिइएको र छठको घाट सजाउने कार्य पूरा भएको जानकारी दिए । गत वर्ष कोरोना महामारीका कारण सामान्यरुपमा छठ पर्व मनाइएको बताउँदै यस वर्ष स्वास्थ्य मापदण्डको पालना गर्दै छठ पर्व हर्षोल्लासका साथ मनाउने तयारीमा रहेको उनको भनाइ छ ।

जिल्ला प्रशासन कार्यालय मकवानपुरको अनुमतिमा छठको पाण्डाल तयारीमा जुटेको संयोजक कंशकारले बताए । हेटौंडामा र हेको राप्तीतटमा छठघाट (पाण्डाल) करिब ६ सय फिटको दूरीमा निर्माण भएको समितिले जनाएको छ । सो छठको घाटमा एक हजार ब्रतालु र ५० हजार श्रद्धालुले अवलोकन र दर्शन गर्ने अनुमान समितिको छ ।

छठ पर्वको पूजन सामग्रीको किनमेलका लागि हेटौंडा बजारमा भीड लागेको पाइएको छ । यसका लागि केरा, स्याउ, फलफूल, कागती, अदुवा, माटोका भाँडाकुँडा, पतौरा, बाँसका सुपली, ढकिया, मिष्टान्न, मैदा, चिनी, सखर, अगर बत्ती, दियोलगायतका पूजन सामग्रीको किनमेल भइरहेको छ ।

# राप्रपा जिल्ला सदस्य सापकोटा कांग्रेस प्रवेश

साझाकुरा संवाददाता

हेटौंडा/राष्ट्रिय प्रजातन्त्र पार्टीका मकवानपुर जिल्ला सदस्य हरिकृष्ण सापकोटा नेपाली कांग्रेस प्रवेश गरेका छन् ।

मंगलबार सापकोटा सहित १४ जना कांग्रेस प्रवेश गरेका हुन् । सापकोटासँगै मकवानपुरगढी-७ का मदन लामा, धावा लामा, ज्ञानबहादुर रुम्बा, मकवानपुरगढी-२ का १० जना रहेका छन् । नवप्रवेशीहरुलाई नेपाली कांग्रेस बागमती प्रदेश संसदीय दलका नेता एवं मकवानपुर सभापति इन्द्रबहादुर बानियाँले स्वागत गरेका थिए ।



कार्यक्रममा भौतिक पूर्वाधार विकास मन्त्री कृष्ण लाल भडेल, सांसद देवीप्रसाद तिमल्सिना, मकवानपुरगढी-७ का अध्यक्ष सूर्यबहादुर रुम्बा, मकवानपुर गढी-२ का वडा सदस्य रामप्रसाद पुडासैनी, संघीय सभापति यतिराज सापकोटा, मकवानपुरगढी गाउँपालिका सभापति राजवीर मोक्तान, निवर्तमान हेटौंडा नगर सभापति आनन्दराम पराजुली लगायतको उपस्थिति रहेको थियो ।

# ५३३ जनामा कोरोना पुष्टि, ४८४ संक्रमणमुक्त

हेटौंडा/पछिल्लो २४ घण्टामा नेपालमा ५३३ जनामा कोरोना भाइरस संक्रमण देखिएको छ ।

स्वास्थ्य मन्त्रालयका अनुसार १४ हजार ९१८ पीसीआर परीक्षणमा मंगलबार थप ५३३ जनामा संक्रमण पुष्टि भएको हो । योसँगै नेपालमा कोरोना भाइरसबाट संक्रमित हुनेको संख्या ८ लाख १५ हजार ३७२ पुगेको छ ।

यस्तै एन्टिजेन विधिद्वारा गरिएको १ हजार ८१८ परीक्षणबाट ९० जनामा पोजिटिभ देखिएको छ । २४ घण्टामा पीसीआर र एन्टिजेन विधिबाट गरिएको १६ हजार ७३६ परीक्षणमा ५३३ जनामा संक्रमण पुष्टि भएको मन्त्रालयले जनाएको छ ।

पछिल्लो २४ घण्टामा थप ४८४ जना संक्रमणमुक्त भएका छन् । हालसम्म निको हुनेको संख्या ७ लाख ९६ हजार ३०६ रहेको छ । नेपालमा कोरोना संक्रमणबाट थप १ जनाको मृत्यु भएको छ । हालसम्म कोरोनाबाट मृत्यु हुनेको संख्या ११ हजार ४५४ पुगेको छ ।

हालसम्म देशभर ४४ लाख ६९ हजार १३८ नमुनाको पीसीआर परीक्षण भएको छ । क्वारेन्टाइनमा ११० जना रहेका छन् भने आइसोलेसनमा रहनेको संख्या ७ हजार ६१२ रहेको छ ।

# महाधिवेशन प्रतिनिधि छान्न निर्वाचन कमिटी गठन




साझाकुरा संवाददाता

हेटौंडा/नेकपा एमाले मकवानपुरले चितवनमा हुने १० औं राष्ट्रिय महाधिबेशनका लागि प्रतिनिधि छान्न निर्वाचन कमिटी गठन गरेको छ ।

चितवनमा आगामी मंसिर १० देखि १२ गतेसम्म हुने राष्ट्रिय महाधिवेशनमा लोकतान्त्रिक विधिबाट प्रतिनिधि छनौट गर्न दुई निर्वाचन क्षेत्र र दलिततर्फ छुट्टाछुट्टै निर्वाचन कमिटी बनाइएको हो ।

निर्वाचन क्षेत्र नम्बर २ का लागि एमाले केन्द्रीय सदस्य रामेश्वर राना प्रमुख निर्वाचन अधिकृत रहने गरी तीन सदस्यीय निर्वाचन कमिटी गठन भएको छ । १ नम्बर निर्वाचन क्षेत्रबाट प्रतिनिधि छनौटका लागि देवराज रिमाल प्रमुख निर्वाचन अधिकृत रहने गरी ४ सदस्यीय निर्वाचन कमिटी गठन भएको हो ।

यस्तै, दलिततर्फ प्रतिनिधि छनौटका लागि इन्द्र नेपाल प्रमुख निर्वाचन अधिकृत रहने गरी तीन सदस्यीय निर्वाचन कमिटी गठन गरिएको छ । निर्वाचन कमिटीले कातिक २५ गतेबाट निर्वाचन प्रक्रिया सुरु गर्ने बताइएको छ । यहि कातिक २५ गते बिहान ११:३० देखि १२:३० बजेसम्म उम्मेदवारी मनोनयन दर्ता हुने एमाले मकवानपुरका अध्यक्ष बद्री लम्सालले जानकारी दिए ।

कातिक २६ गते बिहान १० बजेसम्म उम्मेद्वारी फिर्ता लिन समय निर्धारण भएको छ । सर्वसम्मत रुपमा प्रतिनिधि छनौट हुन नसके कातिक २७ गते १० बजेदेखि ३ बजेसम्म मतदान प्रकृयाबाट प्रतिनिधि छानिने लम्सालले बताए ।

## आकर्षक घडेरीहरू बिक्रीमा

हेटौंडा उपमहानगरपालकिा वडा नं.-१५, रातोमाटेपनेश स्थित महेन्द्र राजमार्ग रातोमाटे बजारवाट मात्र ३ कि.मी. पूर्वतर्फ रिङरोडको बस्तिमाझ खानेपानी, ढल, विद्युतको सुविधा भएको, ब्यापारिक तथा आवसिय प्रयोजनको लागि अति उपयुक्त आकर्षक घडेरीहरू सुपथ मुल्यमा बिक्री वितरण हुदैंछ ।




| SN | AREA | SN | AREA |
|---|---|---|---|
| 1 | 0-0-14.75 | 15 | 0-0-12.00 |
| 2 | 0-0-11.50 | 16 | 0-0-11.25 |
| 3 | 0-0-11.75 | 17 | 0-0-10.50 |
| 4 | 0-0-11.00 | 18 | 0-0-10.00 |
| 5 | 0-0-10.75 | 19 | 0-0-10.50 |
| 6 | 0-0-10.75 | 20 | 0-0-11.00 |
| 7 | 0-0-11.25 | 21 | 0-0-11.25 |
| 8 | 0-0-11.25 | 22 | 0-0-12.00 |
| 9 | 0-0-10.75 | 23 | 0-0-12.25 |
| 10 | 0-0-9.50 | 24 | 0-0-12.00 |
| 11 | 0-0-9.25 | 25 | 0-0-12.00 |
| 12 | 0-0-9.25 | 26 | 0-0-12.00 |
| 13 | 0-0-11.00 | 27 | 0-0-12.50 |
| 14 | 0-0-12.00 | 28 | 0-0-12.25 |
| | | 29 | 0-0-16.00 |

०५७-५२३९३१ ९८४९११०८९२ ९८५५०६८७१६ ९८०२९१४११६
९८५११६७२६७ ९८५५०७२३०८ ९८४५०२८५१९

## कर्मचारी आवश्यकता

यस मकवानपुर साझा यातायात प्रा.लि.को लागि निम्न बमोजिम कर्मचारीहरु आवश्यक परेको हुादा सम्बन्धित काममा अनुभव र हेटौंडा बजार क्षेत्रका व्यक्तिहरुले तुरुन्त सम्पर्क राख्नुहोला ।

- पद : चालक (२ जना)
- उमेर : ३५-४५ वर्षसम्म, हेभी लाइसेन्स भएको र कम्तिमा ५ वर्षको अनुभव

- पद : कन्डक्टर (१ जना महिला/पुरुष)
- उमेर : २५-३५ वर्षसम्म

- तलब/भत्ता : आपसी समझदारीमा

साथै, साझा बस फोल्डिङ सिट भएको, सुमो स्कार्पियो, बोलेरो सुपथ मुल्यमा रिजर्भ/भाडामा उपलब्ध छ ।

सम्पर्क:
९८५५०६८८७३, ९८४५४५७५०७

साझाकुरा

## हाम्रो कुरा

# फैलिँदै छठ

नेपाली समुदायमा विशेषगरी तराइ क्षेत्रमा धुमधामका साथ मनाइने छठ पर्व पहाडी मूलमा भित्रिँदै । पछिल्लो समय सबै समुदायमा यसेको आकर्षण बढ्दै गएको छ । नेपालको तराई र भारतको उत्तरी क्षेत्रका हिन्दू समुदायले मनाउने छठ अहिले नेपालका सबैजसो भागमा मनाउन थालिएको छ । छठ पर्व दशैं, तिहारजस्तै हिन्दूहरुको साझा पर्वका रुपमा सबै मूलका नेपालीले मनाउन थालेका छन् । मुख्य छठ पूजा कात्तिक शुक्ल षष्ठीका दिन गरिने भएकाले यसवर्ष छठ पूजा आज कात्तिक २४ गते परेको छ । छठमा मुख्यरुपमा सूर्यको पूजा गरिन्छ । यसका लागि विभिन्न नदी तथा जलाशयका किनारमा सरसफाई गर्दै रंगीचंगी बनाइन्छ ।

छठ पर्व चार दिनसम्म मनाउने गरिन्छ । नेपालसहित भारतमा पनि विशेषरुपमा मनाइने छठका लागि आफ्नो घर छाडी विभिन्न ठाउँमा अध्ययन तथा रोजगारीका लागि रहेका, विद्यार्थी र व्यवसायीहरु आफ्नो मूल घर फर्किने गर्दछन् । छठको अन्तिम दुई दिन विभिन्न नदी, खोला, पोखरी, इनार छेउमा सजावट गरी ब्रतालुले जलमा उभिएर कार्तिक शुक्ल षष्ठीको साँझ अस्ताइरहेको र सप्तमीको बिहान उदाइरहेको प्रकृतिको संरक्षणकर्ता सूर्यदेवलाई अर्घ्य दिएर समापन गरिने प्रचलन छ । छठ पर्व तिहारको भाइटीकाको दुई दिनपछि अर्थात् कात्तिक शुक्ल चतुर्दशीदेखि सुरु भई कात्तिक शुक्ल सम्तमीका दिन समाप्त हुन्छ । तराईवासीको चाडका रुपमा बहुचर्चित छठ पर्वमा सूर्यको विविध रुपलाई समान श्रद्धाका साथ मनाउने गरिन्छ । यो पर्वमा षष्ठी भगवतीको पूजा अर्चना गरी पुत्र, पति र परिवारको कल्याणको कामना गरिन्छ । नेपालको विशेषरुपले तराई (मधेश) क्षेत्रमा श्रद्धा एवम् भक्तिपूर्वक यो पर्व मनाइन्छ । यस पर्वको अवसरमा पञ्चमीका दिनदेखि व्रत बस्ने महिला तथा पुरुषले निष्ठापूर्वक पवित्र जलाशयमा स्नान गरी बेलुकीपख दूध, चामल र सख्खरको खीर पकाई प्रसादको रुपमा आफूले खाने र व्रत नबस्ने परिवारका सदस्यलाई पनि ख्वाउने चलन छ ।

परम्पराअनुसार छठका दिन साँझ अस्ताउँदो सूर्यलाई जलाशयमा उभिएर पूजासहित अर्घ्य दिएपछि रातभर नदी तथा तलाउ किनारमा बसी भजनकीर्तन गर्दै भोलिपल्ट सप्तमीका दिन बिहान उदाउँदो सूर्यलाई पुन: अर्घ्य दिई पूजा विसर्जन गरिन्छ । पवित्र मनले छठ पर्व मनाउँदा पारिवारिक कल्याण, सन्तानसुख तथा मनोकामना पूरा हुने विश्वास गरिन्छ । समावेशी संस्कारले जातीय र भौगोलिक दूरी घट्दै गएका कारण यो पर्व अहिले सबै नेपालीको पर्वका रुपमा विकसित हुँदै गएको छ । यो पर्वले मधेशी र पहाडीबीचको धार्मिक, सांस्कृतिक तथा सामाजिक एकता र सौहार्दपूर्ण सम्बन्ध पनि विकसित गर्दै लगेको छ । छठ पर्वले सबै नेपालीमा एकता कायम गर्न सफल होस्, छठको सम्पूर्ण नेपालीमा शुभकामना ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५[illegible] |
| बारुण यन्त्र: | |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७८ कात्तिक २५ गते बुधबार ११ नोभेम्बर २०२१ । कात्तिक शुक्ला सप्तमी । कछलाध्व सप्तमी ११४१ । सूर्योदय ६:२० र सूर्यास्त ५:१४ मा हुनेछ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : अध्ययनमा बाधा | तुला | : आफन्तजन भेट |
| वृष | : धन प्राप्ति | वृश्चिक | : भित्रजन भेट |
| मिथुन | : शत्रुबाट मुक्त | धनु | : प्रेममा सफलता |
| कर्कट | : धन नष्ट | मकर | : शुभ कार्यको थालनी |
| सिंह | : मिष्ठान्न भोजन | कुम्भ | : सुख प्राप्ति |
| कन्या | : आलश्यता | मीन | : यात्राको योग |

# नेपालको राजनीतिमा निर्विकल्प ओली


गुलाबजंग शाह

नेपाललाई समग्रमा नयाँ विश्व परिवेशमा चिनाउने र नेपालको विश्व-मामिलालाई नयाँ उचाइमा पुर्‍याउने कार्य उहाँबाट भयो ।

२०७८ असार २८ गते प्रधानन्यायाधीश चोलेन्द्र शम्शेर जबरासहितको पाँच सदस्सीय इजलासले कांग्रेस सभापति शेरबहादुर देउवालाई प्रधानमन्त्री बनाउन परमादेश जारी गर्‍यो । २८ घण्टाभित्र विपक्षी गठबन्धनका नेता देउवालाई प्रधानमन्त्री बनाउनु भनी गरिएको परमादेशको आलोचना भयो । सर्वोच्च अदालतले संसद्को अधिकारलाई मिचेर प्रधानमन्त्री तोक्नु व्यवस्थामाथिको प्रहार हो भन्ने मत बलियो बन्यो ।

सर्वोच्च अदालतले गर्न सक्ने भनेको संसद्को पुन:स्थापनासम्म मात्रै थियो । प्रधानमन्त्री चुन्ने अधिकार संसद्कै हो । अदालतले आफ्नो अधिकारको सीमा नाघेर जारी गरेको परमादेशको पराकम्प भने रोकिएको छैन । देउवा प्रधानमन्त्री नियुक्त भएको ८८ दिनसम्म पनि मन्त्रिपरिषद् विस्तार हुन सकेन । यही बीचमा नेकपा एमालेलाई विभाजन गराउन देउवाले दल विभाजनसम्बन्धी विधेयक जारी गरी फिर्ता लिए ।

माधवकुमार नेपाललाई दल दर्ता गर्न सहज हुने गरी ल्याइएको विधेयक उक्त प्रयोजन पूरा भएसँगै फिर्ता गरियो । आफू प्रधानमन्त्री नियुक्त भएको ८८ दिनसम्म सरकार विस्तार गर्न नसक्नु विश्वराजनीतिमा दुर्लभ घटना हुन सक्छ । परमादेश र सरकार गठनसँगै अनेक कुराहरू सतहमा आएका छन्, जसले नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीलाई अझैं कैयौं वर्षसम्म नेपाली राजनीतिको केन्द्रमा निर्विकल्प रूपमा रहिरहने अवस्था तयार गरिदिएको छ ।

**कारण-१ : सिंहदरबार-सर्वोच्च फाटो**

सर्वोच्च अदालतको परमादेशबाट माधव नेपाल समूहसहित पाँचवटा दलको महा-गठबन्धनले सरकार बनाएपछि पर्दाभित्रका कतिपय खेलहरू प्रकट भएको देखिन्छ । सरकार विस्तारको क्रममा प्रधानन्यायाधिशको कोटामा गजेन्द्र हमाललाई उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री बनाइएको भन्दै कानुनविद्हरूले आपत्ति जनाए । उता प्रधानन्यायाधीशले कानुनविद्हरूको दाबीलाई झुटको संज्ञा दिए तर पनि न्यायमूर्तिले शक्ति आर्जनमा चासो देखाएको भनी सर्वत्र आलोचना हुँदै गयो । त्यस्तो आलोचना यतिमै रोकिएन । नेपाल बार एसोसिएसनले प्रधानन्यायाधीशको राजीनामा माग्ने निर्णय गरेर आन्दोलनमा होमियो । न्यायाधीशहरूले सबै खाले मुद्दाका इजलास बहिष्कार गर्ने निर्णय गरेर राजीनामाको मागसहित आन्दोलनमा होमिए । वकिलहरूको बीचमा प्रधानन्यायाधिशको पक्ष र विपक्षमा लागेर लडाइँसमेत भएको भिडियो बाहिरियो । मूलधारका र प्रचण्ड निकटका सञ्चार गृहहरूले प्रधानन्यायाधीशको राजीनामा माग गरिएका समाचार प्रकाशन गरेको देखियो ।

अर्कातिर नेकपा (एमाले) र नेपाली कांग्रेस निकट वकिलहरूले प्रधानन्यायाधीशसहित अन्य न्यायाधीशहरूले समेत राजीनामा दिएर निकास दिनुपर्ने धारणा सार्वजनिक गरे । यही क्रममा प्रधानन्यायाधीशले प्रधानमन्त्रीलाई भेटेर 'आफूमाथि षड्यन्त्र भएमा परमादेश जारी गर्दाको सबै कुरा सार्वजनिक गरिदिने' भनी धम्की दिएका समाचार बाहिरिए परमादेशको सबैभन्दा ठूलो पराकम्पको रूपमा सर्वोच्च र सिंहदरबारको बीचमा फाटो देखापर्‍यो भने न्यायपालिका र कार्यपालिकाबीचको सेटिङलाई छताछुल्लसमेत पारिदियो । यसरी ओली सरकारलाई कुनै पनि हालतमा ढाल्न राष्ट्रिय/अन्तर्राष्ट्रिय रूपमा सेटिङ गरेर परमादेश जारी गरेपछिको परिणाम अहिले स्वयं सर्वोच्च अदालतले सामना गरिरहेको छ ।

शक्ति पृथकीकरणको सिद्धान्त विपरीत सर्वोच्च अदालत चल्दा र अदालतले अनावश्यक रूपमा शक्ति आर्जनमा चासो देखाउँदा न्याय केन्द्रमा कसरी प्रहार हुने रहेछ र न्याय कसरी प्रभावित हुँदो रहेछ भन्ने यो एउटा गजबको उदाहरण भएको छ । यी सबै कुराको कारण भनेको ओली सरकारलाई जसरी पनि विस्थापन गर्ने एक सूत्रीय एजेन्डा र उक्त एजेन्डाअनुसार गरिएको राष्ट्रिय/अन्तर्राष्ट्रिय सेटिङ हो भन्ने कुरा अब प्रमाणित भइसकेको छ । त्यसैले नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले गरेको संसद् विघटन सही थियो भनी यतिखेर पुष्टि भएको छ । यसले नेपालको राजनीतिमा ओलीलाई फेरि पनि निर्विकल्प रूपमा स्थापित गर्नुको विकल्प नरहेको कुरा प्रस्ट छ ।

**कारण-२ : अस्थिर नेपाल**

नेपालको भौगोलिक अवस्थिति र भू-राजनीतिक अवस्थाका कारण यहाँ स्थिरता कायम राखिरहन निकै गाह्रो भएको छ । अहिले मात्रै होइन, २०४६ पछिको सम्पूर्ण समय, पञ्चायतकालीन अवधि तथा त्यसअघिको राणाकालमा समेत कुनै न कुनै हिसाबले नेपालमा अस्थिरता पैदा गरिरहने र आफ्नो स्वार्थ सिद्ध गर्नतर्फ लागिरहने कार्य रोकिएन ।

२०१५ सालमा गठित बीपी कोइरालाको दुई-तिहाइको सरकारलाई २०१७ सालमा जसरी अपदस्थ गरियो, २०७८ सालमा केपी ओलीको दुई-तिहाइको सरकारको बहिर्गमनलाई पात्र र परिवेश फरक तर स्वार्थ उही भएको अर्थमा बुझ्न सकिन्छ । तत्कालीन अवस्थामा राजा महेन्द्रले गरेको 'कू' र २०७८ मा सर्वोच्च अदालतको प्रयोगमार्फत गरिएको आदेशलाई नेपाल अस्थिर बनाउने र आ-आफ्ना स्वार्थकेन्द्रित गतिविधि अगाडि बढाएर आफू अनुकूलका पात्र र प्रवृत्ति खडा गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय शक्तिहरूको अत्यधिक चलखेलको रूपमा बुझिएको छ । यस्तो अवस्थामा नेपाललाई समृद्ध राष्ट्र बनाउने हो भने सबैभन्दा मुख्य कुरा नेपालमा स्थिर राजनीतिको उदय हुनु अनिवार्य छ । यसका लागि अस्थिरता सृजना गर्ने राजनीतिक पार्टी, पात्र, प्रवृत्ति, परिवेश र 'पावर' आदि सबै अन्त्य भई देशलाई साँच्चै नै स्थिरताको मार्गमा डोर्‍याउने पार्टी, पात्र, प्रवृत्ति, परिवेश र पावरको पुनरोदय अनिवार्य छ । यसको नेतृत्व केपी ओलीले मात्रै गर्न सक्ने कुरा निर्विकल्प र निर्विवाद छ ।

**कारण-३ : विदेशी शक्तिकेन्द्रको अत्यधिक चलखेल**

नेपालको अस्थिरताको मूलकारण आन्तरिक भए पनि कारक भने बाह्य नै हो । बाह्य शक्तिले आन्तरिक शक्तिलाई आफू अनुकूल चलाइदिँदा र आफ्नो स्वार्थमा प्रयोग गर्न खोज्दा नै नेपालमा अस्थिर राजनीतिले जडा गाड्ने हो । राणाकालदेखि हालसम्मका नेपालको अस्थिरताको 'ट्रेन्ड' यही नै हो । कमजोर देशमा आफ्नो राजनीतिलाई सबल बनाउन बाह्य शक्तिहरूसँग सम्बन्ध मजबूत बनाउनुपर्छ भन्ने मनोविज्ञानले पनि काम गरेको देखिन्छ ।

विदेशीहरूसँगको सम्बन्ध आफ्नो राष्ट्रलाई हित गर्ने गरी अघि बढे त राम्रै हो तर हाम्रो कमजोर मनोविज्ञान र विदेशीहरूसँग आँखा जुधाएर कुरा गर्न नसक्ने नेपाली पात्र र प्रवृत्तिले गर्दा उनीहरूसँगको सम्बन्ध उनीहरूको हितलाई ग्यारेन्टी गर्ने गरी अघि बढ्छ । ओली सरकार भने विदेशीहरूसँगको सम्बन्धलाई देशको स्वाभिमान उच्च पार्ने, देशको स्वार्थको रक्षा गर्ने र नेपाललाई विश्वमा चिनाउने गरी अघि बढेको तथ्य हाम्रा सामु छन् । नेपालको भूमि समेटेर नयाँ नक्सा जारी गर्ने ऐतिहासिक कार्य गर्नुभएका केपी शर्मा ओलीले चुनावपछि बन्ने सरकारले जमिन पनि फिर्ता ल्याउने घोषणा गरिसक्नुभएको छ । देशहरू साना-ठूला हुन सक्ने तर स्वाधीनता जहिले पनि बराबर हुने विचार अघि सार्नुभएका केपी ओलीले मात्रै बाह्य शक्तिको दबाबलाई सहजै थेग्न सक्ने र उनीहरूलाई नेपालको हितविरुद्ध चलखेल गर्न नदिने एक मात्र राजनेता भएको तथ्य स्थापित भइसकेकाले अबको नेपालको निर्विकल्प नेता केपी शर्मा ओली नै हुनुहुन्छ भन्ने कुरामा दुई मत छैन र यो हुनु पनि जरुरी छ ।


**कारण-४ : साहस, सपना र समृद्धिको हुटहुटी**

हामी देख्न सक्छौं कि केपी शर्मा ओलीले नेपालको स्वाधीनतालाई अन्तर्राष्ट्रिय क्षेत्रमा कति माथि उठाउनुभयो भनेर । नाकाबन्दीको कठोर तरिकाले सामना गरी विफल तुल्याउनु भएका ओलीले अन्तर्राष्ट्रिय मञ्चहरूमा नेपालको आफ्नो कुरा साहसका साथ राख्नुभयो । नेपाल नसुनिने र नबोलिने अवस्थाबाट सुनिने, बोलिने र महत्व दिइने अवस्थामा आएको अवस्था थियो । भारतकेन्द्रित नेपालको भू तथा अर्थ-राजनीतिलाई विश्वकेन्द्रित बनाउने कार्य केपी शर्मा ओलीले नै गर्नुभयो । पहिलो पटक विश्व-आर्थिक मञ्चमा नेपालको प्रधानमन्त्रीको हैसियतले सम्बोधन गरेर नेपालको प्राथमिकता विश्वसामु राख्नुले नेपाल अन्तर्राष्ट्रिय जगत्मा सुनिने र बोलिने तहमा पुग्यो । चीनसँग ऐतिहासिक सम्झौता गरेर नेपालको स्वाधीनतामाथि अन्य राष्ट्रबाट हुने आक्रमणलाई न्यूनीकरण गर्ने काम उहाँले गर्नुभयो । नेपाललाई समग्रमा नयाँ विश्व परिवेशमा चिनाउने र नेपालको विश्व-मामिलालाई नयाँ उचाइमा पुर्‍याउने कार्य उहाँबाट भयो ।

यो सम्पूर्ण कुराहरू नेपाललाई एक समृद्ध राष्ट्रमा रूपान्तरण गर्ने उहाँको सपना र हुटहुटीकै कारण सम्भव भएको हो । देशको आर्थिक विकास र भौतिक पूर्वाधारको निर्माणमा उहाँले चाल्नुभएको कदमको कारण आज काठमाडौंमा नयाँ धरहरा ठडिएको, नयाँ रानीपोखरी बनेको छ । सुरुङ-मार्गको निर्माण तीव्र गतिमा चलिरहेको छ । रेलमार्ग बनेका छन् र बन्ने क्रममा छन् । तुइन विस्थापन भएका छन् । सडक र राजमार्गहरू बन्ने क्रममा छन् । बाटो चौडा भएका छन् । गाउँ-गाउँमा अस्पतालहरूको निर्माण सुरु भएको छ । यी त भए केही उदाहरण मात्रै ।

देशलाई समृद्ध बनाउन योगदान गर्ने यस्ता दुई सय बढी कार्यहरू ओली सरकारबाट कति सम्पन्न नै भएको र कति प्रारम्भ भएका छन् । यसरी विगतका कुनै पनि प्रधानमन्त्रीभन्दा सानदार र अब्बल काम गरी आफूलाई नेपाली राजनीति र समृद्धिको निर्विकल्प नेताका रूपमा उदय गराउनु भएका केपी शर्मा ओली नेपालको आगामी राजनीतिमा पनि निर्विकल्प नेता भएको कुरा पुष्टि भएको छ । - इकागज

# चार वर्षमा ७६१ वटा सरकारको छनक


कृष्णहरि बास्कोटा

नेपालको वर्तमान संविधानले मुलुकलाई संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीमा रुपान्तरित गरेको छ । यसरी मुलुकमा संवैधानिक संघीय शासन प्रणाली लागु भएको पाँच वर्ष पूरा भएको छ । तथापि, संघ, प्रदेश र स्थानीय तहको निर्वाचन भएर जनप्रतिनिधिहरुले ७६१ वटा सरकार संचालन गरेको भने चार वर्षमात्र भयो । प्रस्तुत आलेख यस अवधिको कार्यसमीक्षामा केन्द्रित छ ।

यस अवधिमा संविधानको प्रस्तावनामा उल्लेख गरिएको नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानलाई अक्षुण्ण राखी जनताको सार्वभौम अधिकार, स्वायत्तता र स्वशासनको अधिकारलाई आत्मसात् गर्न सकियो वा सकिएन भनी समीक्षा गर्नु परेको छ । कतै, 'कौवालाई बेल पाक्यो हर्ष न विस्मात्' त भएन ? वा अपेक्षित काम नभए पनि सही बाटोमै सरकारहरु छन् भनी सन्तोष मान्न सकिने अवस्था छ ? यस्को चिरफार समयको माग हो ।

यसैगरी, संघीय शासन प्रणालीसँगै सामन्ती, निरंकुश, केन्द्रीकृत र एकात्मक राज्य व्यवस्थाले सृजना गरेका सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य हुन सक्यो सकेन भन्ने मूल्यांकन गर्ने समय पनि आएको छ । कतै चर्का नारा दिनेहरु नै आफू सत्तामा पुगेपछि नवसामन्त बन्ने दुष्प्रयासमा त लागेनन् ? स्वयं संविधान निर्मातालाई नै के साँच्चै नेपालमा ७६१ वटा सरकार छ र भन्ने भ्रम देखिन्छ ।

नेपालको संविधानको धारा ४ मा नेपाल राज्यलाई स्वतन्त्र, अविभाज्य, सार्बभौमसत्ता सम्पन्न, धर्मनिरपेक्ष, समावेशी, लोकतन्त्रात्मक, समाजवाद उन्मुख, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य भनिएको छ । यसर्थ, तीन तहमा रहेका सरकारले एकआपसमा मिलेर काम गर्नुपर्ने अनिवार्य सर्तबाट च्यूत हुने सुविधा कुनै पनि तहको सरकारलाई छैन । तर, विगत ४ वर्षको अवधिमा तीन तहका सरकारहरुबीच घनीभूत सम्बन्ध स्थापित भएको महशुस गर्न सकिएको छैन ।

नेपालको संविधानबमोजिम संघ सरकारलाई अनुसूची ५ का एकल अधिकार र अनुसूची ७ तथा ९ बाट साझा अधिकार उपलव्ध छ । साथै, संविधानले अवशिष्ट अधिकार पनि संघ सरकारलाई नै प्रदान गरेको छ । यसैगरी, संविधानको अनुसूची ६ बाट प्रदेश सरकारलाई एकल अधिकार र अनुसूची ७ तथा ९ बाट साझा अधिकार दिइएको छ । यस अतिरिक्त, संविधानको अनुसूची ८ बाट स्थानीय तहलाई एकल अधिकार र अनुसूची ९ बाट साझा अधिकार उपलव्ध भएको छ । यी अधिकारको सूचीले तीनै तहको सरकारलाई बलियो तुल्याए पनि एकले अर्कालाई बलियो र स्वतन्त्र सरकार भनी आत्मसात् गर्न भने नसकेको देखिन्छ । नेपालको संविधानले तीनै तहका सरकारहरुलाई जे जस्तो अधिकार दिए पनि तिनीहरुले प्रथमत: नेपालको संविधानको भाग ३ मा रहेको नागरिकको ३१ वटा मौलिक हकको पालनामा आफूलाई कटिबद्ध तुल्याउनुपर्छ । सेवा प्रवाहमा चुस्ती, काममा पारदर्शिता, आधारभूत शिक्षा र स्वास्थ्य सेवामा नागरिकको पहुँचको सुनिश्चितता गर्नुपर्छ । साथै, नागरिकलाई रोजगारीको अवसर दिने, ज्येष्ठ नागरिकलगायतलाई सामाजिक सुरक्षा भत्ता प्रदान गर्ने र उपभोक्ता अधिकारको संरक्षण गर्ने कार्यमा तीनैतहका सरकारहरु कार्यक्षेत्रमा खरो उत्रिनुपर्छ । यी कुरामा तीनै तहका सरकारहरु बेखबर झैं प्रतीत हुनु निश्चय नै दुर्भाग्यपूर्ण हो ।

संविधानको धारा ५६ मा नेपालको राज्य शक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले यस संविधान तथा कानुनबमोजिम गर्नेछन् भनिएको छ । यसअनुसार तीनै तहका सरकारहरु एकल र साझा अधिकारको सूचीमा रहेको अधिकारको कार्यान्वयनका लागि कानुन निर्माण गर्न स्वतन्त्र छन् । तर, संघीय कानुनसँग बाझिएका प्रदेश सरकार र स्थानीय तहद्वारा निर्मित कानुनी प्रावधान स्वत: बदरभागी हुने हुँदा सबै तहका सरकारले आपसमा न्यूनतम सहमति र समझदारी कायम गर्नु अनिवार्य हुन्छ ।

यथार्थमा मुलुकमा विद्यमान ७६१ वटा सरकारले हालसम्म कतिवटा कानुन निर्माण गरे भन्ने अभिलेखसम्म एकै ठाउँमा भेट्टाउन सकिने परिस्थिति छैन । यो भविष्यका लागि चुनौती हुनपुगेको छ । नेपालको संविधानको धारा २३२ मा संघ, प्रदेश र स्थानीय तहबीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित रहने उल्लेख गरिएको छ । तर, यी तीन तहका सरकार एकअर्कासँग समन्वय गर्ने भन्दा पनि स्वायत्तताको पैरवीमा जुटेका छन् । यस्का केही उदाहरण तलका अनुच्छेदमा प्रस्तुत गरेको छु ।

संघीय सरकारले मुलुकको अन्तर्राष्ट्रिय सीमाको रक्षा र नेपाली सेनाको व्यवस्थापन गर्नुपर्छ । यस क्रममा मुलुकभित्रको आन्तरिक शान्ति सुव्यवस्थाका लागि प्रदेश सरकार र स्थानीय तहका निर्वाचित जनप्रतिनिधिलाई अधिकार दिई जिम्मेवार तुल्याउनुपर्छ । यस विषयमा मुलुकले अपेक्षितरुपमा गति लिनसकेको महसुस हुँदैन ।

संघीय सरकारले मुलुकको दीर्घकालीन सोच र आवधिक योजना जारी गर्नुपर्छ । आवधिक योजना निर्माण गर्ने राष्ट्रिय योजना आयोगको अध्यक्ष प्रधानमन्त्री हुने र सातैवटा प्रदेशका मुख्यमन्त्रीहरु यस्को सदस्य हुने प्रबन्ध गर्नुपर्छ । साथै, यस्तो राष्ट्रिय योजना आयोगमा जिल्ला समन्वय समिति, नगरपालिका र गाउपालिकाको पनि प्रतिनिधित्व गराउनुपर्छ । यसरी निर्माण हुने आवधिक योजनालाई सबै प्रदेश सरकार र स्थानीय तहले निर्देशात्कम योजना मानी सोहीअनुरुप आआफ्ना आवधिक योजना तर्जुमा गर्नुपर्छ । यस विषयमा पनि हामीमा परिपक्वता आएको अनुभूति हुँदैन ।

मुलुकको परराष्ट्र नीति, नोट प्रकाशन र मुद्रासम्बन्धी नीति तथा मूलभूत करसम्बन्धी नीति संघीय सरकारबाटै तर्जुमा गर्नुपर्छ । यस्को कार्यान्वयमा प्रदेश सरकार र स्थानीय तहले सघाउनुपर्छ । यस क्षेत्रमा भने मोटामोटीरुपमा गुनासोरहितढंगले काम भइरहेको छ । ठूला पूर्वाधारमा संघीय सरकार, मझौला पूर्वाधारमा प्रदेश सरकार र साना पूर्वाधारमा स्थानीय सरकारको लगानी हुनुपर्छ । तर, तीनै तहका सरकार भोलि नै चुनाव छ र जित्नु छ भन्ने ढाँचामा एक दुई लाखका आयोजना पनि छुर्न पछि परेका छैनन् ।

यसर्थ, राजनीतिकर्मीहरु के कुरामा स्पष्ट हुनुपर्छ भने कसैलाई वडा र पालिकाकै विकास गर्नु छ भने ती गाउँपालिका वा नगरपालिकाकै निर्वाचनमा उम्मेदवार हुनुपर्छ । कसैलाई अझै आफ्नै जिल्ला र निर्वाचन क्षेत्रकै विकासमा संलग्न हुने रहर पुगेको छैन भने ती प्रदेश सदस्यकै उम्मेदवार हुनुपर्छ । म राष्ट्रिय नेता हुँ, मेरो कार्यक्षेत्र नेपालभर हो, चुनाव जित्नु हार्नुसँग विकास वितरणको सम्बन्ध छैन भन्न सक्नेले मात्रै संघीय प्रतिनिधि सभा र राष्ट्रिय सभाको सदस्य ताक्नुपर्छ । संघीय सरकारले कानुन निर्माण गर्दा प्रदेश सरकार र स्थानीय तहको अधिकार संकुचन नहुने बरु ती तहका सरकारलाई काममा सहजता पुग्ने हुनुपर्छ । यसैगरी, प्रदेश सरकारले निर्माण गर्ने कानुन पनि स्थानीय तहका लागि सहजीकरण भएको हुनुपर्छ । कर असुलीमा संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहको संभव भएमा एकीकृत छाता कानुन निर्माण गरी लागू गर्नुपर्छ । कर्मचारी प्रशासनका विषयमा पनि एकीकृत र छाता कानुनकै खाँचो छ । सामाजिक सुरक्षा, विकासमा पछाडि परेको वर्ग र क्षेत्र, उच्च प्राथमिकता दिनुपर्ने सीमान्तकृत वर्ग र क्षेत्रको विकासमा तीनै तहका सरकारले अति उच्च प्राथमिकता दिई दोहोरो नपर्ने तर कोही नछुट्ने गरी प्रभावकारी कार्यक्रम लागू गर्नुपर्छ । सडक, विद्युत्, सिंचाइ, स्कुल, अस्पताल, विश्वविद्यालय, खानेपानी तथा पर्यटन पूर्वाधारलगायतको काममा पनि तीनै तहका सरकारबीच गहन सहकार्य हुनुपर्छ । मुलुकको आर्थिक समृद्धिका लागि कृषि, पशुपालन, जडीबुटी, फलफूल, माछा मासु, दूग्ध उत्पादन, वन क्षेत्रको उपयोगलगायतमा देशकै एकल नीति निर्माण गरी तीनै तहका सरकार यस्को कार्यान्वयनमा जुट्नुपर्छ ।

मुलुकको अन्तर्राष्ट्रिय व्यापार घाटा कम गर्न निकासी बढाउनुपर्छ । युवा जनशक्तिको विदेश पलायन रोक्न आन्तरिक रोजगारीका क्षेत्रहरु विस्तार गर्नुपर्छ । मुलुकलाई औद्योगिकीकरणमा रुपान्तरित गर्नुपर्छ । यी विषयमा पनि तीनै तहका सरकारबीच घनीभूत सहकार्य हुनुपर्छ । हो, जनताका लागि हुने सेवा प्रवाहको चुस्तताका लागि सबै ७६१ वटा सरकारबीच सकारात्मक प्रतिस्पर्धा हुनुपर्छ । यसैगरी, पुँजीगत बजेट खर्चको तीव्रता र चालु खर्चको मितव्ययिताका लागि सबै तहका सरकारबीच उत्कृष्ट ठहरिन होडवाजी हुनुपर्छ ।

यसैगरी, सदाचारको अभ्यास, बेरुजुको शून्यता, सूचनाको हकको उच्च प्रयोग, भ्रष्टाचार नियन्त्रणलगायतका क्षेत्रमा पनि सरकारहरुबीच स्वथ्य प्रतिस्पर्धा हुनुपर्छ । यस अतिरिक्त, सुपथ मूल्यका पसलहरुको संचालन, बस्ती विकास, खाली जमिनको उपयोग, कोसेली घरको संचालन, फोहोर व्यवस्थापन, खोप व्यवस्थापन, सवारी पाकिङको व्यवस्था, व्यक्तिगत घटना दर्ता, तथ्यांक व्यवस्थापन, विपद् व्यवस्थापन, खानी संरक्षण र उत्खनन, सांस्कृतिक प्रवर्धन र राजनीतिक समझदारीको विकासलगायतका विषयमा प्रत्येक तहका सरकार उम्दा ठहरिने कोसिस गर्नुपर्छ ।

हालसम्मको अवस्था नियाल्दा अझै पनि हामी समावेशी राज्य निर्माणको प्रक्रियामै अल्झिएको देखिन्छ । संघीय सरकारले लोकतान्त्रिक र जवाफदेही शासन संचालनका लागि एकल र साझा अधिकार सूचीलाई अनोन्याश्रितरुपमा हेर्नुपर्छ । यसैगरी, प्रदेशिक विकास, विशेषगरी मध्यम तहको विकासको दायित्व प्रदेश सरकारले लिनुपर्छ । - साभार: बाह्रखरी

दशौं महाधिवेशन

# विद्युतीय मतदानको अभ्यास गराउँदै एमाले

काठमाडौँ (रासस)/ नेकपा (एमाले) ले आशन्न १० औँ राष्ट्रिय महाधिवेशनमा विद्युतीय मेसिनबाट मतदानका लागि पार्टीका नेता-कार्यकर्तालाई नमूना मतदान अभ्यास गराउन थालेको छ ।

एमालेको केन्द्रीय कार्यालय, थापाथलीमा पार्टीका नेता तथा कार्यकर्तालाई विद्युतीय मेसिनबाट मतदान गर्न सिकाउनका लागि मंगलबारदेखि नमूना मतदानको व्यवस्था गरिएको हो । राम-लक्ष्मण भोटिङ मेसिनबाट एमालेले आगामी मंसिर १० देखि १२ गतेसम्म चितवनमा हुने महाधिवेशनमा विद्युतीय मतदानको प्रयोग गर्ने निर्णय गरिसकेको छ ।




'मंगलबारदेखि हामीले पार्टी मुख्यालयमा विद्युतीय मेसिनबाट कसरी मतदान गर्ने भनेर नमूना मतदान गरिरहेका छौँ', राम-लक्ष्मण इनोभेसेनका निर्देशक लक्ष्मण रिमालले भने, 'पार्टीका नेताले पार्टी कार्यालयमा आएर विद्युतीय मतदान गरिरहेका छन् ।'

उनका अनुसार मंगलबार देखि महाधिवेशनमा मतदान हुनुभन्दा अगाडिसम्म महाधिवेशनका प्रतिनिधिलाई विद्युतीय मेसिनमा मतदान गर्न सिकाइने छ । अहिले पार्टी कार्यालयमा दुई वटा मेसिनबाट नमूना मतदान गरिरहेको महाधिवेशन स्थलमा भने तीन वटा मेसिनबाट नमूना मतदान गराइने उनले जानकारी दिए ।

एमालेको नवौं राष्ट्रिय महाविधेशनमा विद्युतीय मेसिन प्रयोग गरेर मतदान गर्ने भने तापनि आन्तरिक विवादका कारण अन्तिम समयमा आएर प्रयोग गरिएको थिएन । यसपटक एमाले महाधिवेशन निर्वाचनका लागि विद्युतीय मेसिन प्रयोग गर्ने भनेर राम-लक्ष्मण इनोभेसेन्सँग सम्झौता समेत गरिसकेको छ । निर्देशक रिमालले सबै प्रतिनिधिलाई एक पटक विद्युतीय मेसिनमा नमूना मतदान गराइने बताए । 'महाधिवेशनमा सहभागी सबै प्रतिनिधिलाई एक पटक विद्युतीय मेसिनमा नमूना मतदान गरेर मात्र हामीले मतदान गराउने छौं', उनले भने, 'महाधिवेशनस्थलमा पनि हामीले मेसिनमा नमूना मतदान गराउनेछौ ।'

विद्युतीय मतदानका लागि राम-लक्ष्मण इनोभेसेनले १०० वटा विद्युतीय मेसिन राख्ने तयारी गरेको छ । एक मेसिनमा दुई जनाले मतदान गर्ने व्यवस्था मिलाइने छ । एमालेको महाधिवेशनमा २२५ केन्द्रीय सदस्य, अनुशासन र लेखा आयोगमा १५/१५ जना गरी कुल २५५ पदका लागि निर्वाचन हुनेछ ।

निर्देशक रिमालले एक जना प्रतिनिधिलाई आधा घण्टामा मतदान सक्ने गरी व्यवस्था गरिएको बताए । 'जम्मा ४८ थरिका पदका लागि करिव ५०० जना उम्मेदवार हुने हाम्रो अनुमान छ', उनले भने, 'सोही अनुसार ती पदमा मतदान गर्नका लागि एक जनाप्रनिनिधिलाई आधा घण्टा लाग्ने हाम्रो आँकलन छ ।' निर्वाचनमा समावेशीसहित ४८ स्थानका लागि ४८ वटा मतपत्रका स्क्रिन ती मेसिनमा रहने छन् । उनले निर्वाचन सकेको तीनदेखि चार घण्टाभित्र नतिजा सार्वजनिक गर्ने जानकारी दिए । एमालेको महाधिवेशनमा एक हजार ९९९ जना नबढ्ने गरी प्रतिनिधि चयन गरिने छ । एमाले केन्द्रीय प्रचार विभागका उपप्रमुख सूर्य थापाले पार्टीको महाधिवेशनलाई प्रविधिमैत्री बनाउनुपर्छ भन्ने हिसाबले उक्त मेसिन प्रयोग गर्न लागिएको जानकारी दिँदै मुलुकको ठूलो राजनीतिक दलको महाधिवेशनमा प्रयोग भएपछि अरु दललाई प्रेरणा मिल्न सक्ने जनाए ।

नवौँ महाधिवेशनमा मेसिन प्रयोग नभएका कारण असार २२ गते मतदान सकिएको भए पनि गणना सम्पन्न गर्दा साउन १ गतेसम्म लगेकाले त्यसको तुलनामा मेसिनको प्रयोगले समय र खर्चको बचत गराउन सक्ने जनाए ।

**यसरी गरिनेछ निर्वाचन**

महाधिवेशनमा सहभागी हुने प्रतिनिधिको निर्वाचन अधिकृतले रुजु गरेपछि मात्र विद्युतीय मेसिनमा मतदान गर्न पाउने छन् । निर्वाचन अधिकृतले नाम रुजु गरिसकेपछि मतदानका लागि प्रतिनिधिलाई कुपन दिइनेछ । सोही कुपनका लागि मेसिनमा प्रतिनिधिले मतदान गर्नेछन् । प्रतिनिधिले ४८ स्थानका लागि तयार मतपत्रमा ४८ पटक स्क्रिनमा देखिने उम्मेदवारलाई मतदान गर्ने छन् । एउटा स्क्रिनमा मतदान गरेपछि स्वत: अर्को स्क्रिन देखिने छ ।

यसरी एकवटा स्क्रिनमा देखिका उम्मेदवारलाई मतदान गरिसकेपछि क्रमश: उम्मेदवारलाई मतदान गर्ने छ । मतदाताले एक पटक मतदान गरिसकेका उम्मेदवारको सच्चाउन परे फेरि सच्चाएर मतदान गर्नसक्ने निर्देशक रिमालले बताए । मतदानका लागि विभिन्न ठाउँमा मतदान केन्द्र राखिने छ ।

एक वटा मतदान केन्द्रमा आठ वटा मेसिनबाट मतदान गरिने उनले जानकारी दिए । ती मतदान केन्द्रमा एक निर्वाचन अधिकृत, एक प्राविधिक र दुई उम्मेदवारका प्रतिनिधि रहने छन् । विद्युतीय मतदान गर्नका लागि ४० जनाको प्राविधिक टोली खटिने भएको उनले बताए ।

मतदान भएको चार घण्टामा सबै परिमाण घोषणा गरिने उनले बताए । मतदान गरिसकेपछि सबै मेसिनबाट कसले कति मत पाए भन्ने नामावलीसमेत प्रिन्ट गरिन्छ । सय वटा मेसिनबाट प्रिन्ट भएका मतलाई जोडेर परिमाण घोषणा गरिने उनले बताए । 'मुचुल्का बनाउनेदेखि मतपरिणाम घोषणा हुँदासम्म करिब चार घण्टा समय लाग्छ', उनले भने । उक्त इनोभेसनले हालसम्म ९२ वटा संस्थाको निर्वाचन गराइसकेको छ ।

विद्युतीय मेसिनबाट यसअघि नै एमालेको संसदीय दलको निर्वाचन भइसकेको छ । तत्कालीन राप्रपा नेपालले पनि यो मेसिन प्रयोगबाट निर्वाचन गराइसकेको छ । हालसम्म सबैन्दा ठूलो निर्वाचन १० हजार मतदाता रहेको राष्ट्रिय सहकारी बैंकले पनि विद्युतीय मेसिनबाट निर्वाचन गराइसकेको छ ।

# पर्यटक लोभ्याउँदै धितालको नौमती बाजा पार्क

गण्डकी (रासस)/ अस्तामको नौमती बाजा भनेपछि पोखरा र आसपासका क्षेत्रमा हुरुक्कै हुने गर्दछन् । विवाह, व्रतबन्ध लगायतका विभिन्न चाडबाडमा अधिकांशको पहिलो रोजाइ अस्तामको बाजा नै हुने गरेको छ ।

नेपालीको मौलिक पहिचान जस्तै बनेको नौमती बाजाका लागि ख्याति कमाएको कास्कीको माछापुच्छ्रे गाउँपालिका-६ धितालस्थित पोखरीडाँडामा निर्माण गरी सञ्चालनमा आएको नौमती बाजा पार्कका कारण यतिखेर थप चासो र चर्चामा रहेको छ ।

खुल्ला आकाशमुनि सार्वजनिक जग्गामा निर्माण गरिएको नौमती बाजा पार्कमा सुमधुर स्वरमा शुभसन्देश दिने नरसिङ्गा, नौमती बाजाको प्रमुख आकर्षणका रूपमा बजाइने सहनाई जोडी, दमाहा, सानो दमाहा, झ्याली, ट्याम्को, ढोलक, बाजा प्रदर्शन गरिएको छ ।

सनही र नरसिङ्गा फुकेर, ठूलो दमाहा, सानो दमाहा, ढोलक र ट्याम्को ठोकेर तथा झ्याम्टा र मुजुरा एकापसमा जुधाएर बजाइन्छ । नौजना वाद्यवादक कलाकारहरुले सुर र ताल मिलाएर एकैपटक बजाउने गरेकाले यो टोलीलाई नौमती बाजा भनिएको हो । विशेषगरी आलुमिनियम, तामा, पित्तललगायतका धातु, काठ र घर पालुवा जनावरको छाला प्रयोग गरेर बाजा निर्माण गरिन्छ ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र स्थानीय जनसहभागिताको आर्थिक एवं माछापुच्छ्रे गाउँपालिकाको प्राविधिक सहयोगमा निर्माण गरिएको सो पार्क २०७६ साल असार महिनादेखि सञ्चालनमा आएको नौमती बाजा पार्क निर्माण समितिका अध्यक्ष इन्जिनियर सुनिल दाहालले जानकारी दिए । उनका अनुसार तत्कालीन प्रतिनिधिसभा सदस्य स्व रवीन्द्र अधिकारीको विशेष पहलमा १६ लाखको लागतमा निर्माण सम्पन्न गरिएको सो पार्क निर्माणका लागि मन्त्रालयबाट १५ लाख र एक लाख मूल्य बराबरको स्थानीय जनसहभागिता परिचालन गरिएको हो ।



नौमती बाजा पार्क सञ्चालनमा आएसँगै यस क्षेत्रमा दैनिक १०० देखि ५०० जनासम्म आन्तरिक एवं बाह्य पर्यटकले अवलोकन गर्ने गरेको उल्लेख गर्दै उनले भने, 'पर्यटकको आवगमनसँगै आसपासको व्यापार व्यवसायमा समेत सहयोग पुगेको छ ।' पार्कमा प्रदर्शित बाजाको तालसहित अन्नपूर्ण, माछापुच्छ्रे हिमशृंखलासहित रमणीय गाउँ ल्वाङ, रिभानसहितको दृश्यावलोकन गर्न सकिने सो क्षेत्रमा परम्परागत पानीका कुवा, कुटानी-पिसानीका सामग्री ढिकी, जाँतो, पानी घट्ट, काश्यप ऋषिको मूर्तिसहितका विभिन्न संरचना निर्माण गरी प्रदर्शन गर्ने तयारी समितिले गरिरहेको उनको भनाइ छ ।

सो स्थानमा रहेको साँदी पोखरी दुई लाखको लागतमा संरक्षण गरिएको छ । समुद्री सतहबाट लगभग एक हजार ५०० मिटरको उचाइमा रहेको सो पोखरी संरक्षण गरेसँगै वर्षाको पानी संकलन हुने गरेको छ । उक्त पोखरीको पानी बर्सातको समयमा स्थानीय बासिन्दाले सिँचाइका लागि उपयोग गर्दै आएका छन् । सो क्षेत्रमा धम्पुस लिफ्टिङमार्फत धितालमा खानेपानीको व्यवस्थासहित उक्त पार्क र पोखरीमा पानीको व्यवस्थापन गर्ने तयारी भइरहेको बताउँदै दाहालले भने, 'सम्पूर्ण योजना सम्पन्न गर्न करिब चार करोड खर्च लाग्ने प्रारम्भिक अनुमान रहेको छ ।' बाजा पार्कको आँगनमा रहेको साँदी पोखरामा माछापुच्छ्रे हिमालको प्रतिबिम्वको दृश्यले जो कोहीलाई पनि मनमुग्ध बनाउने गरेको पार्क अवलोकनका लागि पुगेका पोखरा-१७ विरौटाका भेषराज बरालको भनाइ छ ।

जनप्रिय बहुमुखी क्याम्पसका सहायक क्यम्पस प्रमुख एवं जिल्ला बचत संघ कास्कीका अध्यक्षसमेत रहेका बरालका अनुसार मौलिक बाजा संरक्षणका साथै प्रदर्शन गरेर यस क्षेत्रको पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने विश्वास व्यक्त गरे । उक्त क्षेत्रको अस्ताममा सञ्चालित अन्नपूर्ण इको भिलेजका सञ्चालक विश्व अधिकारीका अनुसार होटेलमा आउने पर्यटकका लागि बिहानको घुमफिर पार्क पर्ने गरेको छ । होटेलमा बास बसेका अधिकांश पर्यटकलाई बाजा पार्कमा जान प्रेरित गर्दै आएको उनको भनाइ छ ।

पार्कको नजिकै बाँसको लिङ्गे पिङ स्थापना गरिएको छ । पिङमा मच्चिँदै आँखाको अघि देखिने हिमशृंखलासहितको हरियाली, खोलानाला एवं रमणीय गाउँबस्तीको दृश्यबाट पर्यटकले छुट्टै आनन्द लिने गरेको पार्क निर्माण समितिका उपाध्यक्ष रीता गुरुङले राससलाई जानकारी दिए ।

पोखराको हेम्जास्थित मिलनचोकबाट धम्पुस सडकखण्डमा लगभग आठ किलोमिटर दूरीमा रहेको सो पार्कमा प्रवेशका लागि टिकटको व्यवस्था नहुँदा कहाँबाट र कति संख्यामा पर्यटक आए भन्ने तथ्यांक छैन ।

# नेता कार्यकर्ताबाट महाधिवेशन खर्च उठाउँदै एमाले

चितवन (रासस)/ नेकपा (एमाले)को १० औँ महाधिवेशनको खर्च पार्टीका सदस्यबाट उठाइने भएको छ । महाधिवेशन यही मंसिर १० देखि १२ गतेसम्म चितवनमा हुँदैछ ।

पार्टी सदस्यबाट लेभि उठाउने निर्णय भएको हो । महाधिवेशन मूल व्यवस्थापन समितिका सह-संयोजक सुरेन्द्र पाण्डेले एक जना सदस्यबाट एक सय उठाउने निर्णय भएको जानकारी दिए ।



नेकपा (एमाले)को सदस्य संख्या सात लाख छ । यसबाट सात करोड उठ्ने अनुमान गरिएको छ । महाधिवेशन प्रतिनिधिबाट दुई हजार र केन्द्रीय कमिटी सदस्यबाट तीन हजार उठाइने उनले जानकारी दिए । लाभका पदमा रहेकाबाट समेत शुल्क उठाइँदै छ ।

पाण्डेका अनुसार उनीहरूबाट के कति उठाउने भन्ने बारेमा टुंगो लागिसकेको छैन । अन्यको लेभि उठाउन सर्कुलर गरी सकिएको उनले जानकारी दिए । महाधिबेशनमा बिद्युतीय उपकरणबाट मतदान गरिने छ । मतदानका लागि एक सय वटा विद्युतीय उपकरण राखिने जनाइएको छ । महाधिवेशनको उद्घाटन सत्र चितवनको नारायणगढस्थित नारायणी किनारमा गरिँदै छ । सो अवसरमा देशभरबाट पाँच लाखको हाराहारी नेता कार्यकर्ता उपस्थित हुने अनुमान गरिएको छ ।

बन्द सत्र सौराहाको बाघमारा चौरमा गरिँदै छ । सबै विभागबाट खर्चको अनुमानित रकम आइनसकेकाले के कति खर्च हुन्छ भने अनुमान गरिनसकेको पाण्डेले बताए । यसअघि नवौं महाधिवेशनमा ६ करोड र त्यसअघि आठौंमा तीन करोड खर्च भएको उनले जानकारी दिए । योसँगै नेकपा एमालेले बाहिर महाधिवेशनका लागि चन्दा नउठाउने देखिएको छ । नेकपा एमालेको केन्द्रिय समिति २२५ सदस्यीय छन् । तीमध्ये १५ पदाधिकारी रहेका छन् । पाण्डेका अनुसार अध्यक्ष एक, वरिष्ठ उपाध्यक्ष एक, उपाध्यक्ष चार, महासचिव एक, उपमहासचिव एक र सचिव सात जना रहने व्यवस्था छ । उनीहरू महाधिवेशनबाट निर्वाचित हुने छन् ।

महाधिवेशनमा दुई हजार प्रतिनिधि सहभागी हुने सह-संयोजक पाण्डेले बताए । बुटवलमा हुने भनिएको महाधिवेशन अन्तिम समयमा चितवनमा सारिएको हो ।

# स्वास्थ्यचौकीका लागि २० थान 'अक्सिजन कन्सन्ट्रेटर'

काठमाडौँ (रासस)/ दैलेख जिल्लाका गाउँगाउँमा कोरोना भाइरस संक्रमणसँग जुध्नका लागि लागि प्राप्त २० थान 'अक्सिजन कन्सन्ट्रेटर' हस्तान्तरण गरिएको छ ।

सो स्वास्थ्य सामग्री गैरआवासीय नेपाली संघ (एनआरएनए) मुख्यालयबाट हस्तान्तरण भएको हो । राष्ट्रिय जनजाति उत्थान आयोगका पूर्व उपाध्यक्ष तथा राष्ट्रिय प्रजातन्त्र पार्टीका केन्द्रीय कोषाध्यक्ष चन्द्रबहादुर गुरुङको समन्वयबाट एनआरएनए आइसिसी सल्लाहकार त्रिलोक गुरुङको पहलमा हङकङ पूर्वसैनिक संघले स्वास्थ्य सामग्री नेपालको दुर्गम जिल्लाका लागि उपलब्ध गराएको अभियानकर्मी चक्रबहादुर चन्दले जानकारी दिए ।

दैलेखका लागि करिब २८ लाख मूल्य बराबरको २० वटा अत्याधुनिक अटोमेटिक अक्सिजन कन्सन्ट्रेटरलाई पूर्वमन्त्री कुन्तीकुमारी शाहीको विशेष पहलमा जिल्लाका विभिन्न स्वास्थ्यचौकीमा पठाउन लागिएको हो । यसअघि पनि पूर्वमन्त्री शाहीले कोरोना संक्रमणको बेला जिल्लामा विभिन्न किसिमले सहयोग गर्दै आएको जनाइएका छन् ।

# राष्ट्रिय पौडी प्रतियोगिता चितवनमा




चितवन (रासस)/ जिल्लामा पहिलोपटक राष्ट्रियस्तरको पौडी प्रतियोगिता हुने भएको छ । भरतपुर महानगरपालिका-१३ मा राष्ट्रिय विद्यालयस्तरीय उमेर समूह पौडी प्रतियोगिता हुने भएको हो । यही कात्तिक २७ र २८ गते लेक ट्वान्टी थाउजेन्ड फार्म रिसोर्ट (एलटिके हवेली) मा प्रतियोगिता हुन लागेको हो ।

महिला-पुरुष खेलाडीको ३६ विधामा प्रतिस्पर्धा हुने एलटिके हवेलीका सञ्चालक देभेन लोहनीले जानकारी दिए । उनका अनुसार ब्रेष्टस्ट्रोकतर्फ १८, बटरफ्लाईतर्फ आठ र फ्री स्टाइलतर्फ १० खेलहरु हुनेछन् । पच्चीस मिटरदेखि १०० मिटरसम्मका पौडी प्रतियोगिता हुने मंगलबार पत्रकार सम्मेलन गरी जानकारी दिइयो । प्रतियोगितामा विभिन्न जिल्लाका विद्यालयका ८-१०, १२-१४ वर्ष उमेर समूहका विद्यार्थी र १५ वर्षमाथिका खेलाडी सहभागी हुनेछन् । चितवन, मोरङ, ललितपुर, काठमाडौँ, कास्की, बाँकेलगायतका जिल्लाका खेलाडीहरुले प्रतियोगितामा सहभागिता जनाउने सो अवसरमा जानकारी दिइयो । प्रतियोगिताका लागि २५ मिटर लम्बाइ, १६ मिटर चौडाइमा फैलिएको पौडी पोखरी ६ लेनको तीनदेखि पाँच फिटसम्मको गहिरो छ ।

प्रतियोगितामा प्राविधिक सहयोग नेपाल पौडी सैको रहेको छ । यसअघि यहाँ छ दिनसम्म राष्ट्रिय तथा जुनियर राष्ट्रिय टोलीका १२ खेलाडीले पौडी तालिम लिएका थिए । पौडी पोखरीका लागि संरचना निर्माणमा दुई करोड खर्च गरी अन्तर्राष्ट्रिय मापदण्डको पोखरी निर्माण गरिएसँगै हवेली आफैंले पौडी प्रतियोगिताको आयोजना गरेको लोहनीले बताए ।

# प्रधानसेनापति भारत प्रस्थान



काठमाडौँ (रासस)/ प्रधानसेनापति प्रभुराम शर्मा भारतको चार दिवसीय औपचारिक भ्रमणका लागि नयाँ दिल्ली प्रस्थान गर्नुभएको छ । उनी भारतका स्थल सेनाध्यक्ष जनरल एमएम नरवणेको औपचारिक निमन्त्रणामा भारत भ्रमणमा निस्केका हो । नेपाली सेनाको मध्य एयरबेश, गौचरमा उनलाई बलाधिकृत रथी बालकृष्ण कार्कीले बिदाई गरे ।

प्रधानसेनापतिको नियुक्ति भएपछिको उनको यो पहिलो विदेश भ्रमण हो । प्रधानसेनापति शर्मालाई भारतका राष्ट्रपति रामनाथ कोविन्दबाट भारतीय स्थल सेनाको मानार्थ महारथी दर्जाको दर्ज्यानी चिह्नबाट सुशोभन गर्ने कार्यक्रम रहेको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ । भ्रमणका क्रममा महारथी शर्माले विभिन्न भारतीय उच्चपदस्थ पदाधिकारीसँग भेटघाट गर्नुहुने छ । उनले आजै भारतीय रक्षा सचिव अजयकुमार, भारतीय चिफ अफ डिफेन्स स्टाफ जनरल विपीन रावत, भारतीय सेनाध्यक्ष जनरल नरवणे र भारतीय वायु सेनाध्यक्ष एयर चिफ मार्शल भिआर चौधरीसँग समेत भेटघाट गर्नुहुने छ । प्रधानसेनापतिको भ्रमण दल श्रीमती सुनिता शर्मासहित नौ सदस्यीय रहेको छ । महारथी शर्मा यही कात्तिक २६ गते स्वदेश फर्कनु हुनेछ ।

**कामु प्रधानसेनापतिको कार्यभार कार्कीलाई**

प्रधानसेनापति शर्माको भारत भ्रमणको अवधिभर उहाँको अनुपस्थितिमा बलाधिकृत रथी बालकृष्ण कार्कीले कायम मुकायम प्रधान सेनापतिको कार्यभार सम्हाल्नु हुने पनि जानकारी दिइएको छ ।

# जुत्ताचप्पलको व्यापार मेला शुक्रबारदेखि हुने

काठमाडौँ (रासस)/ फुटवेयर म्यानुफ्याक्चरर्स एसोसिएसन अफ नेपालले यही कात्तिक २६ देखि मंसिर १३ गतेसम्म प्रदर्शनीमार्गस्थित भृकुटीमण्डपमा व्यापार मेला आयोजना गर्ने भएको छ ।

स्वदेशी उत्पादनलाई प्रवर्द्धन, विकास तथा विस्तार गर्ने उद्देश्यले मेला गर्न लागिएको हो । मंगलबार आयोजित पत्रकार सम्मेलनमा मेलाका संयोजक होमनाथ उपाध्यायले विभिन्न ३० वटा जुता चप्पल कम्पनीका ६० वटाभन्दा बढी बिक्री कक्ष राखिने जानकारी दिए ।

मेला अवधिमा उपभोक्तालाई केही छुट तथा सहुलियत उपलब्ध गराइने जनाइएको छ । करिब १० लाख दर्शकले अवलोकन गर्ने तथा एक लाख ५० हजार जोर जुत्ताचप्पलको कारोबार हुने अनुमान गरिएको छ ।




एसोसिएसनका पूर्वअध्यक्ष रामकृष्ण प्रसाईंले महामारीका कारण अन्तर्राष्ट्रिय बजारबाट सहजरूपमा कच्चापदार्थ आयात हुन नसकेकाले मागअनुसारको उत्पादन तथा बिक्री दुवै हुन नसकेको र यस क्षेत्रमा रहेका धेरै कम्पनी तथा उद्यमीलाई असर परेको बताए ।

एसोसिएसनले मुलुकमा अर्थतन्त्रलाई गतिशील बनाउन र व्यावसायिक क्रियाकलापलाई सहज बनाउन आवश्यक नीतिनिर्माण गर्न सरकारलाई आग्रह गरेको छ ।

# घट्यो सुनको मूल्य: चाँदीको स्थिर

काठमाडौँ (रासस)/ सुनचाँदी बजारमा मंगलबा छापावाल सुनको मूल्य प्रतितोला २०० ले ओरालो लागेर ९२ हजार ३०० तोकिएको छ । पहेँलो धातु सोमबार प्रतितोला ९२ हजार ५०० मा कारोबार भएको थियो ।

नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार तेजाबी सुनको आजको मूल्य प्रतितोला ९१ हजार ८०० रहेको छ । यसको मूल्य सोमबार प्रतितोला ९२ हजार तोकिएको थियो । महासंघका अनुसार मंगलबार चाँदीको मूल्य अघिल्लो कारोबार मूल्यका तुलनामा स्थिर छ । चाँदी सोमबार प्रतितोला एक हजार २५० मा कारोबार भएको थियो । महासंघले अन्तरराष्ट्रिय बजारमा हुने सुनचाँदीका मूल्यको उतारचढावका आधारमा यहाँ दैनिक सुन तथा चाँदीको कारोबार मूल्य तोक्दै आएको छ ।



अन्तरराष्ट्रिय बजारमा मंगलबबार सुन प्रतिऔँस एक हजार ८२५ डलर आसपासमा कारोबार भइरहेको बताइएको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# चित्लाङ-थानकोट सडकमा सवारी आवागमन बन्द हुने

टिष्टुङ (रासस)/गत दसैं अघिबाट पुन: सञ्चालन गरिएको चित्लाङ-थानकोट सडक आगामी कात्तिक २८ गतेदेखि पूर्णरूपमा बन्द हुने भएको छ ।

मुख्य चाडबाड सकिएलगत्तै अब निर्माणको काम अघि बढ्ने भएकाले अर्को सूचना नभएसम्मका लागि सवारी आवागमन पूर्णरूपमा बन्द गर्न लागिएको चित्लाङ-चन्द्रागिरि-थानकोट सडक निर्माण सरोकार समितिले जनाएको छ ।

कात्तिक २६ गतेदेखि सडक निर्माणको काम पुन: सुरु गर्ने र कात्तिक २८ गतेदेखि पूर्णरूपमा सवारी आवागमन बन्द गर्ने निर्णय गरिएको सरकोर समितिका सदस्य रामशरण नेपालले जानकारी दिए ।

'काठमाडौँ आउजाउ गर्न बाटो 'क्लियर' छ, तर सडक निर्माण जारी रहँदा जोखिम हुने भएकाले बन्द गर्ने निर्णय गरिएको हो', सडक निर्माणका अभियानकर्मी नेपालले भने । चित्लाङ थानकोट सडकअन्तर्गत थानकोट-चन्द्रागिरि खण्डको ठेक्काको म्याद आगामी चैतदेखि सकिने हुँदा तोकिएको म्यादभित्र तोकिएका काम सक्नु निर्माण पक्षमाथि दबाब छ । 'जनताको माग पनि छिटोभन्दा छिटो बाटो बनोस् भन्ने छ, त्यही भएर चाडबाड सकिएलगत्तै काम सुरु गर्न लागेका हौँ', समितिका सदस्य नेपालले भने ।

सडक निर्माण सरोकार समितिका अनुसार थानकोटबाट दुई हजार २५०० मिटरदेखि ८२५० मिटरसम्मको सडकको 'ट्र्याक क्लियर' भइसकेको छ । यो खण्डको पानीघाट घुम्तीमा रेडियस र ग्रेड मिलाउने कामबाट अघि बढेको समितिले ३१६० मिटर सडकमा मेसिनरी वाल उठाउने, ३४२० मिटर सडकसम्म डाउन गर्ने, ३५८० मिटर सडकसम्म दुई मिटर माटो भर्ने, ३७८० मिटरसम्म ढिस्को काट्ने, पहिरो हटाउने, खोल्सीको मोडलाई २५ मिटरको रेडियसमा घुमाउने लगायतको काम भएका छन् ।



डोजर झरेको मोडमा रक कटिङ गर्नेदेखि कतिपय मोडलाई ३० मिटरसम्म पर धकेलिएको छ भने सेतो पहरालाई समेत छिचोलिएको छ ।

त्यस्तै डोजर झरेको मोडमा रक कटिङ गर्नेदेखि कतिपय मोडलाई ३० मिटरसम्म पर धकेलिएको छ भने सेतो पहरालाई समेत छिचोल्न सफल भएको छ । सडक निर्माणका मुख्य अभियानकर्मी सुभाषचन्द्र ठकुरीका अनुसार अँधेरी खोल्छामा 'रक कटिङ' गरेर उजेली खोल्सा बनाइएको छ भने तीन वटा अप्ठ्यारा घुम्तीलाई 'क्यान्सिल' गरिएको छ । ठकुरीले थानकोटदेखि चन्द्रागिरीसम्म सडक छिचोल्दा यसलाई सामान्य हिसाबले 'ट्र्याक ओपन' भनिए पनि त्यो भन्दै धेरै गरिएको बताए ।

उनले ७९०० मिटर सडकमा २२ मिटर अगाडि अर्को मोड बनाएर ढिस्को कटिङ गरेर नमूना प्राकृतिक वालसमेत निर्माण गरिएको जानकारी दिए । ठकुरीका अनुसार अब छाप्रोमाथिको खोल्सीको मोड सुधार गर्नुपर्ने, थुप्रेको माटो फाल्नुपर्ने, डोजर झरेको मोडमा तीन मिटरबाहिर आउनेगरी वाल लगाउनुपर्ने, सबै ठाउँमा १० मिटर हुनेगरी चौडा बनाउनुपर्ने, पश्चिम ६ किलोमिटरको मोडमा तीन मिटर बाहिर वाल लगाउनुपर्ने, अँधेरी खोल्सीको बाटो फराकिलो बनाउनुपर्ने, राम्चेको जेड कटिङसम्मको सिंगल बाटोलाई डबल बनाउनुपर्ने जस्ता काम गर्नुपर्नेछ ।

## मउवा संघका निर्वाचित टोलीलाई सम्मान



साझाकुरा संवाददाता

हेटौंडा/लायन्स क्लव इन्टरनेसनल ३२५ बि २ नेपाल यरिया २ मकवानपुरले मकवानपुर उद्योग वाणिज्य संघको ५४ औं साधारण सभा एवं निर्वाचनबाट नवनिर्वाचित अध्यक्ष, पदाधिकारी एवं समितिका सदस्यहरुलाई सम्मान गरेको छ ।

बुधबार क्लव एक कार्यक्रमको आयोजना गरि नव निर्वाचित अध्यक्ष कृष्ण अग्रवालको टिमलाई खादा लगाई बधाई तथा सम्मान गरेको हो । लायन्स क्लव इन्टरनेष्नल ३२५ बि २ नेपाल यरिया–२ को यरिया को–चिफ किशोर टण्डनको सभाध्यक्षता तथा लायन्स क्लव इन्टरनेष्नल ३२५ बि २ नेपालका पुर्व गर्भनर तथा पिएमसिसि रमेश अग्रवालको प्रमुख आथित्यता, पूर्व गर्भनर एम.जे.एफ. शम्भु नकर्मीको विशिष्ट आथित्यतामा कार्यक्रम भएको हो ।

कार्यक्रमलाई सम्बोधन गर्दै नवनिर्वाचित अध्यक्ष कृष्ण अग्रवालले विगत देखि मकवानपुरमा लायन्स क्लवले गरेका कार्य समाजको लागि महत्वपूर्ण रहेको बताए । लायन्स क्लव अफ हेटौँडा भुटनदेवी सेन्टिनियलकी अध्यक्ष मिनु अग्रवालको संयोजकत्वमा भएको कार्यक्रममा लायन्स क्लव इन्टरनेष्नल ३२५ बि २ नेपाल डिस्ट्रिक एक्जुकेटिभ चिफ तासिडोल्मा तुङबाहाङफे, डिएन अग्रवाल, सुकृतराज पराजुली, यरिया चिफ वासु तिमल्सिना, गौरी चिमरिया लगायत लायन्स क्लब तथा लियो क्लवका पदाधिकारीहरुको सहभागिता रहेको थियो ।

## मोटरसाइकल दुर्घटनामा २० बर्षीय युवकको मृत्यु

हेटौंडा/पूर्वपश्चिम राजमार्ग अन्तरगत हेटौंडा-११ बाघथलीमा लरीले मोटर साइकललाई ठक्कर दिंदा मोटर साइकल चालकको मृत्यु भएको छ ।

मृत्यु हुनेमा हेटौंडा-१२ का २० बर्षीय सुशान्त पुडासैनी रहेका छन् । जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायव उपरीक्षक जयश्वर रिमालले जानकारी दिए । ना ७ ख ८८१ नम्बरको लरीले बागमती प्रदेश ०३-००४ प ७१९१ नम्बरको मोटर साइकललाई ठक्कर दिएको प्रहरीले जनाएको छ ।

# बागमती प्रदेशमा पाँच विषयमा विज्ञान अनुसन्धान हुँदै

श्रीजना नेपाल

हेटौंडा/बागमती प्रदेश सरकारले युवा विज्ञानलाई प्रोत्साहन गर्दै हाल ५ वटा विषयमा अनुसन्धान गरिरहेको छ ।

प्रदेश सरकारले युवाहरुमार्फत विश्वमा नै नयाँ प्रकार का ५ विषयमा अध्ययन तथा अनुसन्धान गरिरहेको हो। विज्ञानसम्बन्धी नयाँ विषयमा अध्ययन अनुसनधान गर्ने योजना र जानकारी भएका युवाहरुलाई प्रदेश सरकारले प्रोत्साहन गर्दै आएको छ ।

सोही अन्तर्गत बागमती प्रदेशमा हाल युवाहरुले ५ वटा नयाँ वैज्ञानिक अनुसन्धान गरिरहेका छन् । प्रदेश सरकारले युवा विज्ञानलाई प्रोत्साहन गर्ने उद्बेश्यले युवा वैज्ञानिक कोष स्थापना गरेको छ । जसको लागी वर्षेनी प्रदेश सरकारले ५ करोड रुपैयाँ बजेट विनियोजन गर्नुपर्ने कानुनी बाध्यता छ । हाल सो कोषमा प्रदेश सरकारले २५ करोड रुपैयाँ जम्मा गरिसक्केको छ । तर, साढे ३ वर्षमा सरकारले खर्च भने दुई करोड मात्रै गर्न सकेको छ ।

युवा पुस्तालाई वैज्ञानिक खोज तथा अनुसन्धान कार्यमा सघाउने उद्देश्यका साथ बागमती प्रदेश सरकारले सामाजिक विकास मन्त्रालय मार्फत् आर्थिक वर्ष २०७५/०७६ बाट सो कार्यक्रम ल्याएको हो ।

मन्त्रालयको युवा तथा खेलकुद महाशाखा प्रमुख गोपाल प्रसाद कँडेलका अनुसार प्रदेश सरकारले आव ०७५/७६ को बजेटमा उक्त कार्यक्रम प्रस्तुत गरे पनि कार्यविधि र निर्देशिकाको अभावका कारण काम गर्न ढिलाई भएको थियो । करिब एक वर्ष लगाएर युवा वैज्ञानिक प्रोत्साहन समितिले कार्यविधि तयार गरेपछि कार्यक्रम लागु गरेको उनले बताए । कार्यविधि स्वीकृत भएपछि पहिलो पटक खोज तथा अनुसन्धान कार्य गर्न इच्छुक व्यक्तिहरूबाट आवेदन माग गर्दै मन्त्रालयले सूचना आह्वान गरेको थियो । उक्त सूचनाका आधारमा विभिन्न व्यक्ति तथा संस्थाले आवेदन पेस गरे पनि कुनैपनि प्रस्ताव छनोट गर्न लायक नभएको सदस्य उनको भनाइ छ ।

पहिलो चरणमा प्राप्त भएका आवेदनहरूलाई पुन: अध्ययन गरी केहीलाई प्रस्ताव पुन: लेखनका लागि पठाइएको उनले बताए । तर, उनीहरूमध्ये कसैले पनि प्रस्ताव पुन:लेखन गरी नआएपछि मन्त्रालयले दोस्रो पटकको सूचना जारी गर्‍यो। उक्त सूचना अनुसार, प्रदेशभरबाट १ सय २ वटा प्रस्ताव प्राप्त भएको उनले बताए । ती प्रस्तावलाई समितिले अध्ययन गरी उपयुक्त लागेका प्रस्तावमा आवश्यक सुधार गरी थप अध्ययनका लागि विज्ञ समक्ष पठाएको सामाजिक विकास मन्त्रालयका युवा तथा खेलकुद महाशाखाले जनाएको छ। विज्ञबाट थप सुधार गरी प्राप्त भएका ५ वटा प्रस्तावलाई अनुसन्धानका लागि मन्त्रालयले स्वीकृति दिएअनुसार आवश्यक बजेटसहित अनुमति प्रदान गरेको महाशाखा प्रमुख कँडेलले बताए । कँडेलको अनुसार हाल प्रदेशमा अनुसनधान भइरहेको विषय यसप्रकार छन् :

**७० लाख ५४ हजार ८०५ रुपैयाँ आर्थिक सहायता दिएर माछा पालनमा महत्वपूर्ण मानिएको इन्जाइम उत्पादनका लागि आवश्यक ब्याक्टेरिया स्थानीय पोखरीमै उत्पादन गर्ने बारेको अनुसन्धान कार्यमा हालसम्म २७ लाख रुपैयाँ खर्च भइसकेको छ ।**

**दाँत परिवर्तनको तेस्रो विधिका बारेमा अनुसन्धानमा दिइएको कुल १५ लाख २२ हजार १ सय १० रुपैयाँ आर्थिक सहायतामध्ये हालसम्म ८ लाख ७० हजार रुपैयाँ खर्च निकासा भएको छ । यो अनुसन्धाको समयावधि दुई वर्ष रहेकोमा केहि समय थप गरिएको छ ।**

**१) रातो च्याउ :** पहाडी भेगमा पाइने रातो च्याउको उत्पादन क्षमता वृद्धि गर्न नयाँ प्रविधिको प्रयोग गर्ने गरि अनुसनधान भइरहेको छ । रातो च्याउ मानव स्वास्थ्यको लागी निकै फाईदाजनक र महंगो पनि भएकोले यसको उत्पादनलाई बढाउन सके प्रदेशमा आर्थिक टेवा पुग्ने अनुमान गरिएको छ । पहाडी भेगमा मात्रै पाइने रातो च्याउ जुनसुकै भेगमा पनि उत्पादन गर्नेगरि हाल अध्ययन तथा अनुसन्धान भइरहेको जनाइएको छ ।

यसको उत्पादन क्षमता बृद्धि गर्न प्रविधिको प्रयोगबारे अनुसन्धान कार्य गर्न कुल ३४ लाख ९४ हजार ३०१ रुपैयाँ सहायता उपलब्ध गराउने भनिएकोमा हालसम्म ७ लाख ६० हजार ८ सय ३३ रुपैयाँ खर्च भएको छ। यो अनुसन्धानको समयावधि साढे दुई वर्षको थियो ।

**२) दाँतको तेस्रो विधि :** विश्वमा नै नयाँ तरिकाले दाँतको उपचार विधि अर्थात तेस्रो विधिको पनि बागमती प्रदेशमा अध्ययन अनुसन्धान भइरहेको महाशाखा प्रमुख कँडेलले बताए । उनको अनुसार राँगोको हड्डिबाट दाँत बनाएर मानिसको दाँतमा आइलिङ गरेर जडान गर्नेथरि नयाँ अनुसन्धान भइरहेको छ । यसअघि खसीकाो दाँतबाट गर्ने भनिएपनि अनुसनधान गर्दै जादा समभव नभएपछि हाल राँगोको हड्डिबाट बनाउनेगरि अनुसन्धान भइरहेको छ ।





यो अनुसनधान सफल भए यसरी बनाएर हालिएको दाँत मानिसको प्राकृति दाँत जस्तै हुनेछ भने उपचार पद्धती पनि फरक र नयाँ हुनेछ । दाँत परिवर्तनको तेस्रो विधिका बारेमा अनुसन्धानमा दिइएको कुल १५ लाख २२ हजार १ सय १० रुपैयाँ आर्थिक सहायतामध्ये हालसम्म ८ लाख ७० हजार रुपैयाँ खर्च भएअनुसार मन्त्रालयले निकासा गरेको छ । यो अनुसन्धाको समयावधि दुई वर्ष रहेकोमा केहि समय थप गरिएको छ ।

**३) थोरै स्थानमा धेरै माछा पालन :** थोरै स्थानमा थोरै आहारा खुवाएरै धेरै माछा पालन गर्न सकिने विधिको पनि बागमती प्रदेशमा अनुसन्धान भइरहेको छ । माछा पालनमा महत्वपूर्ण मानिएको इन्जाइम उत्पादनका लागि आवश्यक ब्याक्टेरिया स्थानीय माछा पोखरीमै उत्पादन गर्ने यस अनुन्धानको मुख्य उद्देश्य हो । यो ब्याक्टेरियाले गर्दा सानो ठाउँमा थोरै आहारामा धेरै माछा पालन गर्न सकिन्छ ।

माछाले आफूलाई चाहिने आहारा पोखरीभित्रै आफै उत्पादन गर्न सक्ने यस अनुसन्धानको दावी छ । माछाले आहार खाएर गर्ने दिशाजन्य पदार्थलाई ब्याक्टेरियाले पुन: आहार बनाउने काम गर्ने महाशाखा प्रमुख कँडेलको भनाइ छ । ७० लाख ५४ हजार ८०५ रुपैयाँ आर्थिक सहायता दिएर माछा पालनमा महत्वपूर्ण मानिएको इन्जाइम उत्पादनका लागि आवश्यक ब्याक्टेरिया स्थानीय पोखरीमै उत्पादन गर्ने बारेको अनुसन्धान कार्यमा हालसम्म २७ लाख रुपैयाँ खर्च गरेको छ । यस अनुसन्धानको समयावधि डेढ वर्ष रहेको थियो ।

**४) जडिबुटिमा पाइने रासायनिक तत्वको खोजी :** बागमती प्रदेशमा पाइने सम्पुर्ण जडिबुटि र ती जडिबुटिमा पाईने रासायनिक तत्वको बारेमा खोज अनुसन्धान गर्ने कार्य पनि भइरहेको मन्त्रालयले जनाएको छ । प्रदेशमा पाइने प्राकृतिक जडीबुटी खोज तथा रासायनिक तत्व, र औषधि उत्पादन तथा उपचारमा प्रयोगबारे अनुसन्धन गर्ने र एउटा वेबसाईट बनाएर यसको बारेमा सम्पुर्ण विवरण राख्नेगरि अनुसन्धान कार्य भईरहेको हो ।

यस्तो भएमा बागमती प्रदेशमा पाईने जडिबुटि, त्यसमा पाइने रासायनिक तत्व, त्यसको प्रयोग र उपचारबारे सम्पुर्ण जानकारी वेबसाईटबाट नै पाउन सकिनेछ। प्राकृतिक जडीबुटी खोज तथा रासायनिक तत्व र औषधि उत्पादन तथा उपचारमा प्रयोग बार ेको अनुसन्धानका लागि दिइएको कुल ६९ लाख ६७ हजार ५ सय ६९ रुपैयाँमध्ये हालसम्म ३३ लाख रुपैयाँ खर्च भएको छ। यो अनुसन्धान गर्नको लागी प्रदेश सरकारले दुई वर्षको समय दिएको थियो ।

**५) पेट्रोल तथा डिजेलका सफारीलाई विद्युतीय सवारीमा परिणत गर्ने:** हाल प्रदेश सरकार को सहयोगमा युवाहरुले राष्ट्रिय निकुञ्जहरुमा प्रयोग हुने पेट्रोल तथा डिजेलका सफारी गाडीहरूलाई विद्युतीय सवारीमा परिणत गर्ने सम्बन्धीमा पनि अनुसन्धान गरिरहेको मन्त्रालयले जनाएको छ । यसको चितवनमा रहेको राष्ट्रिय निकुञ्जमा सञ्चालनमा रहेको ईन्जिनबाट चल्ने सफारी जीपलाई ब्याट्रिबाट चलाउने प्रयास भइरहेको छ ।

यो अनुसन्धन सफल भएमा नेपाल पेट्रोलियम पदार्थको लागी अन्य देशको भर पर्नुपर्ने अवस्थाको अन्त्य र वातावरणमैत्री हुने महाशाखा प्रमुख कँडेलले विश्वास व्यक्त गरे । यो अनुसन्धानको लागी कुल कुल १९ लाख ८९ हजार ७ सय ४५ रुपैयाँ विनियोजन गरेकोमा हालसम्म १० लाख ९० हजार रुपैयाँमात्र निकासा भएको छ । यो अनुसन्धानको लागी प्रदेश सरकारले एक वर्षको मात्रै समय दिएको थियो ।

नयाँ प्रकारको कुनैपनि कुराको खोजी तथा अनुसन्धान गर्ने योजना र इच्छा भएका ४० वर्षमुनिका युवाहरुले बागमती प्रदेशको सामाजिक विकास मन्त्रालयको पेजमा गएर प्रस्ताव गर्न सक्नेछन् । सो प्रस्ताव मन्त्रालयमा रहेको समितीबा पास भए प्रस्तावसँग सम्बन्धित विज्ञहरुलाई पठाइन्छ । विज्ञहरुले सो प्रकारको अनुसन्धन सम्भव, आवश्यक र राम्रो छ भनेमा प्रदेश सरकारले आवश्यक अनुमती, सहायता र सहयोग उपलब्ध गराउने कँडेलले बताए ।

**निर्माण सम्बन्धि सामाग्री खरिद गर्न हामीलाई सम्झनुहोस्**

घर वा ठूला आयोजना निर्माण गर्दै हुन्छ ?



निर्माणका लागि हार्डवेयर सामाग्री एकमुष्ठ खरिद गर्न अब



हामीलाई सम्झानुहोस् । यहाँ विभिन्न कम्पनीका रड, सिमेन्ट, रंग/रोगन, वाथरुम र गाडी मर्मतका सम्पूर्ण सामाग्रीहरु सुपथ मूल्यमा उपलब्ध छ ।

**हाम्रो हार्डवेयर एण्ड सप्लायर्स**

हेटौंडा-४, कान्तिराजपथ, फोन: ०५७-५९०६४१, ९८५५०४२९६३

चितवन मेडिकल कलेज, CMC भरतपुरका वरिष्ठ स्त्री तथा प्रसुति रोग विशेषज्ञ

**डा. प्रकृति सिटैला**

अब

**हेटौंडा सिटी हस्पिटलमा**

तसर्थ महिलाहरुमा हुने विभिन्न समस्याहरु जस्तैः–

- पाठेघर तथा तल्लो पेटको समस्याहरु
- महिनावारी गडबडी हुने
- सेतो पानी बग्ने
- स्तनका विभिन्न समस्याहरु
- महिला प्रजनन प्रणाली सम्बन्धि समस्या लगायत महिलाहरुमा हुने सम्पुर्ण समस्याहरुमको चेक–जाँच, उपचार तथा परामर्शका लागि हामीलाई सम्झनुहोस् र आजै आफ्नो नाम दर्ता गर्नुहोला ।

थप जानकारीको लागि

**हेटौंडा सिटी हस्पिटल प्रा.लि,**

फोन नं.:०५७-५२०३१५, ५२०५७०, साथै प्रत्येक दिन HD Quality को अत्याधुनिक प्रविधियुक्त Endoscopy सेवा ।

**नेपाल रेडक्रस सोसाइटी**
मकवानपुर जिल्ला शाखा
फोन नं. ०५७-५२०७११

**शीलबन्दी बोलपत्र आव्हानको सूचना**

*(प्रथम पटक प्रकाशित मिति : २०७८/०७/२४ गते)*

अमेरिकन रेडक्रसको आर्थिक सहयोगमा नेपाल रेडक्रस सोसाइटी, मकवानपुर जिल्ला शाखाद्वारा सञ्चालित PREPARE Project अन्तर्गत कार्यालय प्रयोजन तथा जिल्लाका विभिन्न स्थानमा वितरण गर्न Surgical Mask, Sanitizer र Surgical Gloves खरिद गर्न शीलबन्दी दरभाउपत्र द्धारा खरीद गर्नुपर्ने भएकोले नेपाल सरकारको इजाजत प्राप्त मुल्य अभिबृद्धि कर (VAT) मा दर्ता भएका फर्म/सप्लायर्सबाट पत्रिकामा प्रकाशित भएको मितिले ७ दिन भित्र शीलबन्दी दरभाउपत्र पेश गर्न आव्हान गरिन्छ । उक्त समाग्री सम्बन्धि Specifications तथा अन्य विवरण कार्यालयमा आएर बुझ्न सकिने छ । शीलबन्दी दरभाउपत्रको साथमा भ्याट/प्यानमा फर्मदर्ता प्रमाणपत्र, व्यबसाय दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपीहरु सहित शीलबन्दी दरभाउ पत्र पेश गर्नुपर्ने छ ।




**गोर्खाली ट्रेड एण्ड सप्लायर्स**

हेटौंडा-४, रजतजयन्ती, फोन: ९८४१७७१६६४, ९८५५०३१६६४

***"तपाई, हामी सबैको कुरा"***

साझाकुरा

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

**हामी तपाईहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।**



वेवसाइडमाः ***www.sajhakuranews.com***

सर्च गर्न नभुल्नुहोला ।

साझाकुरा वेवसाइटमा सजिलै पढ्न सकिने छ ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय: हेडम्बीचोक, हेटौंडा-१, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना, हेटौंडा-१, चौकीटोल